का.जि.प्र.का.द.नं. १००/०५९/६०
१ कात्तिक २०८१,
बिहीबार
17 October, 2024
Thursday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

वर्ष २२, अंक २४१ । पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com

# व्यवसायीको दानले एमालेमाथि नैतिक प्रश्न

पार्टी मुख्यालयका लागि जग्गा र भवन व्यवसायीबाट दानमा लिने भएपछि सरकारको नेतृत्वकर्ता दल नेकपा (एमाले)को नेतृत्वमाथि नैतिक प्रश्न उठेको छ । सत्ता साझेदार दलहरूले समेत प्रधानमन्त्री केपी शर्मा ओलीसँग जवाफ मागेका छन् ।



एमालेको केन्द्रीय कार्यालय व्यवसायीले निर्माण गरेर जग्गा र भवन दान दिने कुरामाथि गम्भीर प्रश्न उठेको छ । यसबारेमा प्रधानमन्त्री केपी शर्मा ओलीले स्पष्ट नगरी सुखै छैन ।

**विश्व प्रकाश शर्मा**
**महामन्त्री, कांग्रेस**



अन्तर्मनबाट पारदर्शी र खुला दिलले दान गर्नुभएको जग्गालाई स्वीकार गरेका हौं । यसलाई अन्यथा ठानेर सार्वजनिक खपत, कथित शुद्धतावादका नाममा गरिने तर्क-वितर्कको कुनै औचित्य छैन ।

**राजेन्द्र गौतम**
**प्रचार विभाग प्रमुख, एमाले**



**भावना पाठक / मध्यान्ह**
काठमाडौं, ३० असोज ।

सरकारको नेतृत्वकर्ता दल नेकपा (एमाले)को नेतृत्वमाथि नैतिक प्रश्न उठेको छ। पार्टी मुख्यालका लागि जग्गा र भवन व्यवसायीबाट दानमा लिने भएसँगै एमाले नेताहरूले अनेकन प्रश्नको सामना गर्नुपरेको छ । सत्ता साझेदार दलहरूले समेत प्रधानमन्त्री केपी शर्मा ओलीसँग जवाफ मागेका छन् ।

एमालेको पार्टी कार्यालयका लागि व्यवसायी मिनबहादुर गुरुङले किर्तिपुरको मैत्रीनगरमा १० रोपनी १४ आना जग्गा दान गरेका गरेका छन् । जग्गा दान गरेका गुरुङले भवन निर्माण गर्ने जिम्मेवारीसमेत लिएका छन् । पार्टी कार्यालय निर्माणमा व्यवसायीको दान लिएपछि एमालेकै कतिपय नेता/कार्यकताहरूले नेतृत्वको विरोध गरेका छन् ।

प्रमुख सत्ताघटक नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले पार्टीको कार्यालय भवन राजनीतिक दलहरूले आफैंले बनाउनुपर्ने बताएका छन् ।

एक अर्ब रुपैयाँभन्दा बढी मुद्रा पर्ने जग्गा खरिद गर्ने र भवनसमेत बनाइदिने घोषणा गरिएको विषय चर्चा र विवादमा रहेको भन्दै महामन्त्री शर्माले यसको जवाफ नेकपा एमालेले दिनुपर्ने बताएका हुन् । व्यवसायीहरूले राजनीतिक दलहरूलाई सानो सहयोग गर्ने विषय राम्रो भएपनि एक अर्बभन्दा बढीको सहयोगले गम्भीर आशंका पैदा गरेको उनको भनाइ छ ।

'यति ठूलो रकमको विषय आउँदा स्वभाविक रुपमा यसको जवाफ दिनुपर्ने दायित्व एमाले पार्टीकै हो' उनले भनेका छन्, 'एमालेको केन्द्रीय कार्यालय व्यवसायीले निर्माण गरेर जग्गा र भवन दान दिने कुरामाथि गम्भीर प्रश्न उठेको छ । यसबारेमा प्रधानमन्त्री केपी शर्मा ओलीले स्पष्ट नपारी सुखै छैन ।'

उनले अगाडि भनेका छन्, 'मैले सोध्नुपर्ने विषय यति मात्रै छ - कि स्वयं सम्माननीय प्रधानमन्त्री उपस्थिति भएर उहाँको दलले जग्गा, भवन पनि लिने तयारी गरेर जे प्रश्न उब्जिएको छ त्यसले उहाँको दललाई मात्रै होइन, राजनीतप्रिति प्रश्न उब्जिएको छ । पृष्ठ २ मा

हनी ट्र्याप प्रकरण

# इन्स्पेक्टर शाहीविरुद्ध पक्राउ अनुमति



प्रहरीले हनी ट्र्याप प्रकरणमा मुछिएका इन्स्पेक्टर बिनुकुमारी शाहीका सवारी चालक एवं प्रहरी सहायक हवल्दार महेन्द्र हमाल, इटहरीकी सुष्मा विक, ताज स्लाम र भीमादेवी थापालाई पक्राउ गरिसकेको छ । प्रकरणमा मुछिएका थप केही व्यक्ति फरार छन् ।

**अस्मिता बम / मध्यान्ह**
काठमाडौं, ३० असोज ।

हनी ट्र्याप प्रकरणमाथिको अनुसन्धानलाई प्रहरीले तिव्रता दिएको छ ।

यही क्रममा प्रहरीले प्रहरी प्रभाग, भैंसेपाटीकी तत्कालीन प्रहरी निरीक्षक (इन्स्पेक्टर) बिनुकुमारी शाहीलाई पक्राउ गर्न प्रहरीले अदालतबाट अनुमति लिएको छ ।

हनी ट्यापिङमा पारेर असुली गर्ने समूहसँग शंकास्पद सम्बन्ध रहेको पाएपछि शाहीलाई गृह मन्त्रालयले निलम्बन गरेको थियो । बुधबार प्रहरीले शाहीलाई पक्राउ गर्न प्रहरीले अदालतबाट अनुमति नै लिएको हो ।

बलात्कार मुद्दामा फसाइदिने भन्दै एक जना व्यक्तिसँग लेनदेन गरेको आरोप उनीमाथि लागेको छ । यही आरोप लागेपछि उपत्यका प्रहरी कार्यालय, रानीपोखरीले शाहीलाई यही असोज १० गते जिम्मेवारीबाट हटाएको थियो । त्यसपछि यो घटनाका सम्बन्धमा जिल्ला प्रहरी परिसर ललितपुरले छानबिन थालेको थियो ।

छानबिनका क्रममा केही कैफियत देखिएपछि शाहीलाई हिरासतमै राखेर थप अनुसन्धान गर्ने निर्णयमा प्रहरी पुगेको हो ।

ललितपुर प्रहरीले अनुसन्धान गरिरहेका बेला प्रहरी प्रधान कार्यालय, नक्सालले समेत यो मामलामा जाँच गर्न एक जना प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) को नेतृत्वमा समिति बनाएको थियो ।

उपत्यका प्रहरी कार्यालय, रानीपोखरीकी प्रमुख एआईजी किरण बज्राचार्यका अनुसार घटनाको छानबिनका लागि ललितपुर प्रहरीका डीएसपी नरहरि अधिकारीको नेतृत्वमा बनेको समितिले प्रतिवेदन बुझाएको छ। उक्त प्रतिवेदनलाई कार्यान्वयन गर्ने काम भइरहेको छ ।

ललितपुर प्रहरीका अधिकृतहरुका अनुसार उनले शंकास्पद गिरोहसँग मिलेर ३० लाख रुपैयाँ असुली गरेको अरोप लागेको छ । पृष्ठ २ मा

# धर्मशालामै असुरक्षा

पशुपति क्षेत्र विकास कोषको सञ्चालक परिषद्ले २०८० साल साउन १७ गते मारवाडी सेवा समितिसँगको सम्झौता खारेज गरिदिएको थियो । तर, त्यसयता गौशालामा काठमाडौं महानगरका प्रहरी र माडवाडी सेवा समितिबीच विवाद हुँदै आएको छ ।



**दिवाकर अधिकारी / मध्यान्ह**
काठमाडौं, ३० असोज ।

पशुपति क्षेत्र विकासको स्वामित्वमा रहेको गौशाला धर्मशालामा असुरक्षा भएको छ । धर्मशाला खाली गराउन गएको काठमाडौं महानगर प्रहरीको टोली बुधबार पनि त्यसै फर्किएको छ । यसअघि पनि काठमाडौं महानगर प्रहरीले गौशाला धर्मशाला खाली गराउन खोजेको थियो । विरोधले नसकेपछि त्यसै फर्किएको थियो ।

बुधबार धर्मशाला खाली गराउन दुई सय बढी नगर प्रहरी गएका थिए । उनीहरूको साथमा दुई वटा डोजर थिए । तर, मारवाडी सेवा समितिले विरोध गरेपछि प्रहरीले नगर प्रहरीलाई रोकेको थियो ।

शान्ति सुरक्षाको कारण देखाउँदै प्रहरीले नगर प्रहरीले लगेको डोजर नै नियन्त्रणमा लिएको थियो । पछि डोजर छाडिएको छ । विरोधका बाबजुद महानगरको साइनबोर्ड लगाएको छ ।

पशुपति क्षेत्र विकास कोषबाट गौशालाको व्यवस्थापन जिम्मेवारी काठमाडौं महानगरपालिकाले पाएपनि यसअघि सञ्चालन गर्दै आएको मारवाडी सेवा समितिले विरोध गर्दै आएका छन् । महानगर र समिति आमनेसामने भएपछि गौशालामा प्रहरीले सुरक्षा दिँदै आएको छ।

काठमाडौं महानगरका प्रेस संयोजक सुरेन्द्र बजगाईंका अनुसार, पशुपति क्षेत्र विकास कोष र महानगरबीच भएको सम्झौताअनुसार धर्मशाला खाली गराउन नगर प्रहरीको टोली गएको थियो । तर, महानगर प्रहरी नपुग्दै नेपाल प्रहरीको टोली घेरा हालेर बसेको थियो । महानगर प्रहरीले अनधिकृत संरचना हटाउन खोज्दा प्रहरीले महानगरको दुई वटा डोजर नै नियन्त्रणमा लिएको थियो ।

यही असोज २२ गते पशुपति क्षेत्र विकास कोषका कार्यकारी निर्देशक सुभासचन्द्र जोशी र काठमाडौं महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सरोज गुरागाईंबीच महानगरपालिकाले संरचना सञ्चालन गर्ने गरी सम्झौता भएको थियो। त्यसको कार्यान्वयनका लागि महानगर प्रहरी जाँदा अवरोध हुँदै आएको छ ।

महानगरको टोली यसअघि पनि धर्मशाला खाली गराउन जाँदा माडवाडी सेवा समिति आबद्ध व्यक्तिहरू नगर प्रहरीबीच धकेलाधकेल भएको थियो। माडवाडी सेवा समितिले जबरजस्ती धर्मशाला खाली गराउन खोजिएको भन्दै विरोध गर्दै आएको छ ।

पशुपति क्षेत्र विकास कोषको सञ्चालक परिषद्ले २०८० साल साउन १७ गते मारवाडी सेवा पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

# अझै लागू हुन सकेन अभिमुखीकरणको आइरिस प्रणाली

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३० असोज ।

वैदेशिक रोजगार विभागले लामो तयारीपछि पनि वैदेशिक रोजगारीमा जानुपूर्व दिइने अभिमुखीकरण तालिमका लागि 'फेसटाइम एटेन्डेन्स एन्ड आईरिस रिकोग्नेसन' प्रणाली लागू गर्न सकेन । विभागले विदेश जाने प्रशिक्षार्थीको तालिममा औँठाछाप हाजिरी लिँदा अनियमितता भएको भन्दै दशैंपछि अर्थात् असोज २९ गते मंगलबारदेखि नै आँखाको रेटिना अध्ययन गर्ने आईरिस प्रणाली अनिवार्य रुपमा प्रयोगमा ल्याउने र सोही अनुसारको तयारीमा रहन अभिमुखीकरण व्यवसायीहरुलाई आग्रह गरेको थियो । विभागको पूर्व घोषणाअनुसार मंगलबारदेखि उक्त प्रणाली कार्यान्वयनमा आउनुपर्ने थियो । नयाँ प्रणाली उपयोगमा आउन नसकेपछि विभागले पुरानै बायोमेट्रिक फिंगरप्रिन्ट प्रणालीमा हुने अभिमुखीकरण हाजिरीलाई मान्यता दिएर श्रम स्वीकृति जारी गरिरहेको विभागका निर्देशक एवं सूचना अधिकारी गुरुदत्त बरालले जानकारी दिए । नयाँ प्रणालीले काम नगरेपनि श्रम स्वीकृतिको काममा कुनै समस्या नरहेको निर्देशक बरालले बताए ।

विभागले गत असोज १५ गतेदेखि फेसटाइम एटेन्डेन्स एन्ड आईरिस रिकोग्नेसन' प्रणाली लागू गर्ने बताएको भएपनि नमूना परीक्षण गरेकै दिन नयाँ सिष्टम अपरेट हुन सकेको थिएन । विभागका निर्देशक बरालले प्रणालीमा प्राविधिक समन्वयको समस्या देखिएकाले छिटोभन्दा छिटो समाधान गर्न बुधबार महानिर्देशकको तहबाट निर्देशन दिएकाले समाधान छिट्टै आउने अपेक्षा गरिएको बताए । विभागका ईन्जिनियरले अध्यागमन विभागको प्रणालीमा जोडेर कामगर्दा समस्या आएको कारण बिहीबार अध्यागमन कार्यालयमा सम्पर्क गरी प्रणालीमा देखिएको समस्याको समाधान पहिल्याउने बताएका छन् ।

अभिमुखीकरण तालिम व्यवसायीहरुले भने नयाँ प्रविधि जडानका नाममा व्यवसायी माथि भार बढाएको तर काम गर्न अवरोध सिर्जना गरेको गुनासो गरेका छन् । नेपाल वैदेशिक रोजगार अभिमुखीकरण व्यवसायी महासंघका महासचिव लक्ष्मी लामिछानेले मन्त्रालयले कार्यविधि जारी गरेपछि ९ महिनाअघि नै १ सय ४३ व्यवसायीले झण्डै १३ करोड खर्च गरेर पूर्वाधार निर्माण गरेर सिस्टम जडान गरिसकेको अवस्थामा काम गर्न नपाउनु दुखद् भएको बताए । उनले भने, 'व्यवसायीलाई चर्को ब्याजदरमा ऋण लिएर लगानी गर्न लगाउने तर काम गर्न नदिने अत्यन्तै दुःखद् परिस्थिति बनेको छ ।' पृष्ठ २ मा

डडेलधुरामा बस दुर्घटना

# ५ जनाको मृत्यु, २३ घाइते

**शिव विक / मध्यान्ह**
काठमाडौं, ३० असोज ।

डडेलधुरा बस दुर्घटना हुँदा पाँच जनाको मृत्यु भएको छ ।

कञ्चनपुरको महेन्द्रनगरबाट बैतडीको पुर्चौंडीका लागि छुटेको पवनदूत यातायातको ना८ख १०७८ नम्बरको बस डडेल्धुराको अमरगढी नगरपालिका-७ खसरेखानमा दुर्घटनामा परेको हो । दुर्घटनामा परेर १२ जना गम्भीर घाइते भएका छन् भने ११ जना सामान्य घाइते भएका छन् ।

घाइतेहरूको विभिन्न अस्पतालमा उपचार भइराखेको छ ।

घटनास्थलमा बसको छतमुनि च्यापिएका अवस्थामा समेत शव फेला परेको प्रहरीले जनाएको छ । पृष्ठ २ मा

## मृतक ५ आरोहीको शव काठमाडौंमा

धौलागिरि हिमाल आरोहणका क्रममा ज्यान गुमाएका पाँच जना पर्वतारोहीको शव काठमाडौं ल्याइएको छ ।

सात हजार एक सय मिटर उचाइमा मृत भेटिएका रसियाका पाँच जना पर्वतारोहीको शव संकलन गरेर चार हजार मिटर उचाइको इटली आधार शिविर झारिएको थियो ।

जिल्ला प्रहरी कार्यालय म्याग्दीका प्रमुख प्रहरी नायब उपरीक्षक भरत श्रेष्ठका अनुसार बुधबार पाँचै वटा शव हेलिकप्टरबाट काठमाडौं ल्याइएको हो ।

सात हजार एक सय मिटर उचाइमा मृतावस्थामा उनीहरको शव भेटिएको थियो ।

एयर अल्टिच्युडको हेलिकप्टरबाट हिमालमा पुगेका सेभेन समित ट्रेकका सञ्चालक मिङ्मा शेर्पासहितको शेर्पाको टोलीले शव उठाएर इटली आधार शिविर झारेका थिए । इटली आधार शिविरबाट शवलाई काठमाडौंस्थित त्रिविवि शिक्षण अस्पतालमा ल्याइएको हो । पृष्ठ २ मा

# कानून संशोधन गरेर प्रहरीमा नयाँ दिनको उदय गराइनेछ : प्रधानमन्त्री




**काठमाडौं/मस-** प्रधानमन्त्री केपी शर्मा ओलीले संघीय संसद्को आगामी अधिवेशनबाट विद्यमान नेपाल प्रहरी ऐनलाई संशोधन गर्ने विधेयक प्राथमिकताका पारित गरिने बताएका छन् ।

नेपाल प्रहरीद्वारा आयोजित ६९ औँ प्रहरी दिवस, २०८१ को समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले प्रहरी ऐन संशोधन गर्ने विधेयक मन्त्रिपरिषद्ले पारित गरिसकेको संशोधित कानून संसदबाट पारित भएपछि प्रहरीमा नयाँ दिनको उदय हुने उल्लेख गरे । उक्त विधेयकलाई हाल आवश्यक सुझावका लागि लोकसेवा आयोगमा पठाइएको छ।

अहिलेको संविधान नेपाली जनता सार्वभौमसत्तासम्पन्न भएको संविधान भएकाले संविधानमा सामयिक संशोधनबाहेक विद्यमान व्यवस्थामा कुनै परिवर्तनको नहुने स्पष्ट गर्दै उनले लोकतान्त्रिक प्रणालीमार्फत् जुनसुकै परिवर्तन ल्याउन सकिने बताए । 'चुनावका माध्यमबाट सरकार परिवर्तन गर्न सकिन्छ । अलोकतान्त्रिक विधिबाट कुनै पनि परिवर्तन ल्याउन खोज्नु लोकतान्त्रिक बाटो होइन ।" प्रधानमन्त्री ओलीले भने, "दशैंपछि सरकार तुरुन्त परिवर्तन हुन्छ भन्ने हल्ला पनि फैलाइयो। कुन दशैं ? २०८४ सालको ? जबकि हामीले पहिल्यै भनिसकेका छौँ, यो सरकार आफै फेरिन्छ। चुनावी सरकारको नेतृत्व नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले गर्नुहुन्छ ।'

व्यवस्थाविरोधी कुरा गर्नेहरुलाई सम्झाउँदै प्रधानमन्त्री ओलीले अगाडि भने, 'कुनाकाप्चाबाट म भन्न चाहान्छु, यो देशलाई विकास र परिवर्तन गर्ने कुरामा इतिहास बनाएका नेपाली कांग्रेस र नेकपा (एमाले) सहित लगभग तिहाइको सरकार सञ्चालित छ भन्ने कुरा हेक्का रहोस् । स्वतन्त्रताका नाममा झुठ बोल्नु र बेइमानी गर्नु हुँदैन । परिवार, समाज र देशको हितका लागि कुनै पनि काम निर्वाधरुपमा अगाडि बढाउन पाउने हक सबैलाई छ। हाम्रा पूर्वजहरुले यस देशलाई राम्रो बनाउने सन्दर्भमा व्यहोरेको दुःख र संघर्षको ख्याल गरेर हामी अगाडि बढ्नुपर्छ ।'

नेपाल प्रहरीलाई आफूले जेलमा रहँदा, सांसद-मन्त्री हुँदादेखि नै नजिकबाट चिनेको उल्लेख गर्दै उनले यस संगठनलाई अपराध अनुसन्धानमा तालिम र अत्याधुनिक साधनको उपब्धता गराउने विषयमा सरकारको ध्यान जाने प्रतिबद्धता व्यक्त गर्दै अहिले समाजमा सांस्कृतिक धरातल खस्किएको र साइबर अपराध र लागु औषध प्रयोगका घटनाहरु बढ्नु राम्रो नभएको बताए ।

देश-विदेशमा खटिएर शान्ति सुरक्षामा रहेका सबै प्रहरीलाई दिवसको शुभकामना दिँदै प्रधानमन्त्री ओलीले समाजमा प्रहरीले शान्ति सुव्यवस्था कायम गर्न खेलेको भूमिका असाधारण र प्रशंसनीय रहेको बताए । प्रथम महिला राधिका शाक्य, गृहमन्त्री रमेश लेखक, संवैधानिक निकायका पदाधिकारी, मुख्यसचिव एकनारायण अर्याललगायत सहभागी समारोहमा प्रधानमन्त्री ओलीले 'लाइफ टाइम एचिभमेन्ट अवार्ड'सहित विभिन्न पुरस्कार र छात्रवृत्तिबाट बहालवाला र अवकाशप्रप्त प्रहरीलाई पुरस्कृत गरेका थिए ।

# धौलागिरि हिमालमा ज्यान गुमाएका पाँच रसियन आरोहीको शव काठमाडौं ल्याइयो



**काठमाडौं/मस-**धौलागिरि हिमाल आरोहणका क्रममा ज्यान गुमाएका पाँचजना रसियन पर्वतारोहीको शव संकलन गरेर बुधबार काठमाडौं ल्याइएको छ । सात हजार एक सय मिटर उचाइमा मृतावस्थामा उनीहरको शव भेटिएको थियो । रसियन पर्वतारोहीको शव हेलिकप्टरमार्फत काठमाडौं पठाएको जिल्ला प्रहरी कार्यालय म्याग्दीका प्रमुख प्रहरी नायब उपरीक्षक भरत श्रेष्ठले जानकारी दिए ।

एयर अल्टिच्युडको हेलिकप्टरबाट हिमालमा पुगेका सेभेन समित ट्रेकका सञ्चालक मिङ्मा शेर्पासहितको शेर्पाको टोलीले शव उठाएर इटली आधार शिविर झारेका थिए । इटली आधार शिविरबाट शवलाई काठमाडौंस्थित त्रिवि शिक्षण अस्पतालमा ल्याएको छ । आधार शिविरको हाइक्यापमा बास बसेर धौलागिरि आरोहणका लागि गएका उनीहरु सात हजार छ सय मिटरको उचाइबाट यही असोज २१ दिउँसो ११ बजेदेखि सम्पर्कविहीन भएका थिए। प्रहरीका अनुसार रसियाका अलेक्जेन्डर दुशेको, ओलेग कुर्गलोभ, भ्लालिमिर चिस्तिकोभ, मिखाइल नोसेन्को र डिमित्री शालिलेभोइको शव २३ गते दिउँसो भेटिएको थियो ।

हेलिकप्टर अवतरण गर्न र मानिस हिँडेर पुग्न नसकिने ठाउँमा रहेको शव मौसमको खराबी र प्रतिकूल भूगोलका कारण सङ्कलन गरेर घटनास्थलबाट ल्याउन ढिलाइ भएको हो । उद्धारकर्ता हेलिकप्टरबाट रसीमा झुन्डिएर शव भएको ठाउँमा पुगेका हुन् ।

आइ एम ट्रेकिङ एन्ड एक्सपिडिसनमार्फत १४ जना रसियाका पुरुष पर्वतारोहीहरु धौलागिरि हिमाल आरोहणका लागि गएका थिए । दुई जनाले सफल आरोहण गरेका थिए । सातजना पर्वतारोहीहरुले बीचमै आरोहण रद्द गरेर फर्किएका थिए।

यसअघि शव ल्याउन हिमालमा गएको हेलिकप्टर रित्तै फर्किएको थियो । संसारको सातौं (८,१६७ मिटर) अग्लो धवलागिरि हिमाल म्याग्दीको धवलागिरि गाउँपालिका-४ मा पर्छ ।

# मेची–महाकाली राष्ट्रिय उद्धार यात्रा १२ सडकआश्रित मानवको उद्धार



**विराटनगर/मस-** मानवसेवा आश्रम र आनी छोइङ डोल्मा फाउन्डेसनको संयुक्त आयोजनामा शुरु भएको मेची-महाकाली राष्ट्रिय उद्धार यात्राअन्तर्गत बुधबार १२ जना मानवको उद्धार गरिएको छ।

'यो पटकको चाडपर्वमा कसैले बस्न नपरोस् सडकपेटीमा' भन्ने नारासहित शुरु भएको यात्रा ३२ दिनसम्म सञ्चालन हुने आयोकले जनाएको छ ।

उद्धार यात्राका क्रममा उद्धार टोली बुधबार सुनसरीको दुहबी, इटहरी, धरानका विभित्र स्थानका सडकपेटी तथा सार्वजनिक स्थलमा बेवारिसे अवस्थामा भेटिएका मानवको उद्धार गरेको हो ।

बुधबार सुनसरीको दुहबी नगरपालिका-७ बाट एक जना, इटहरी उपमहानगरपालिकाका विभित्र वडाबाट सात जना र धरान उपमहानगरपालिकाबाट चार गरी १२ जनाको उद्धार भएको मानवसेवा आश्रमका केन्द्रीय संस्थापक अध्यक्ष रामजी अधिकारीले बताए ।

यात्राको पहिलो दिन सोमबार झापाका विभित्र क्षेत्रबाट १०, दोस्रो दिन छ जना सडक आश्रित मानवको उद्धार गरिएको थियो ।

उद्धार गरिएका सडक आश्रित मानवको मानवसेवा आश्रम विराटनगर सेवाकेन्द्रमा संरक्षणका लागि पठाइएको छ ।

साथै बिहीबार उदयपुर जिल्ला वरपरका सडकपेटी तथा सार्वजनिक स्थलमा कष्टकर जीवन बिताउन बाध्य भएका मानवको उद्धार गरिने कार्यक्रम रहेको छ ।

उद्धार यात्रामा वरिष्ठ गायिका तथा समाजसेवी आनी छोइङ डोल्मा र मानवसेवा आश्रमका अध्यक्ष रामजी अधिकारीसहित ४७ जना यात्री छन् ।

मानवसेवा आश्रमले सातै प्रदेशका १९ वटा जिल्लामा २५ वटा सेवा केन्द्र विस्तार गर्दै सहयोगापेक्षी सडक आश्रित मानवको उद्धार, उपचार, संरक्षण तथा सुन्दर पारिवारिक पुनःमिलन गराउँदै विगत १२ वर्षदेखि मानवीयता प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेल्दै आएको गैरनाफामूलक सामाजिक संस्था हो ।

यो पटकको मेची-महाकाली राष्ट्रिय उद्धार यात्राले मानवसेवा आश्रमले २०८२ सालभित्र सहयोगापेक्षी सडकआश्रित मानवमुक्त राष्ट्रनिर्माण गर्न लिएको संकल्पलाई सघाउने आश्रम विश्वास गरेको छ ।

# राज्यको उपस्थिति देखाउन प्रहरी पुगिदिनुपर्ने अवस्था छ : प्रजिअ रेग्मी

**प्रेमचन्द्र झा/मध्यान्ह**
रौतहट, ३० असोज




रौतहटका प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मीले नेपाल प्रहरीको जिम्मेवारी धेरै रहेको बताएका छन् । जिल्ला प्रहरी कार्यालय रौतहटले ६९ औं प्रहरी दिवसको अवसर पारेर गरेको कार्यक्रम उनले उक्त कुरा बताएका हुन् ।

'नागरिकको सुरक्षादेखि बाटो, घाटो, घरझगडा, आली पैनी, चोरी, तस्करी, वन जंगल, खोला नाला, बालुवा गिट्टीसमेत प्रहरीले रक्षा गरिदिनुपर्ने अवस्था रहेको छ,' प्रजिअ रेग्मीले भने, 'नेपाल प्रहरी छ भने राज्यको उपस्थिति छ। छैन भने राज्य छैन । समयमा प्रहरी पुगेन भने कुन बेला चक्का जाम हुन्छ भन्न सकिन्न। राज्यको उपस्थिति देखाउनका लागि पनि प्रहरी पुगिदिनुपर्ने अवस्था रहेको छ ।'

सीमित साधन स्रोतको बाबजुँद नेपाल प्रहरीले रौतहटमा यति राम्रो काम गरेकोमा जिल्ला प्रहरी प्रमुखदेखि चौकीसम्म खटेका प्रहरीलाई उनले धन्यवाद समेत दिएका थिए । काम गर्ने सिलसिलामा भएका कमिकमजोरीलाई आगामी दिनमा सुधार गर्दै जनताले खोजे जस्तो सेवा रौतहटमा नेपाल प्रहरीले दिने कुरामा प्रमुख जिल्ला अधिकारी रेग्मीले विश्वास व्यक्त गरे ।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रमुख दीलिप घिमिरेको अध्यक्षतामा भएको कार्यक्रममा नागरिक समाजका अध्यक्ष जगरनाथ प्रसाद केसरी, उद्योग वाणिज्य संघका अध्यक्ष पण्डित प्रसाद जयसवालले प्रहरीले बाढीपीडित तथा आगलागीलगायत दैवीप्रकोपका घटनामा जनताको जिउ ज्यानको रक्षाका लागि गरेका प्रयत्नको प्रशंसा गरेका थिए ।

सो अवसरमा नेपाली सेना विरदल गणका गणपति किशोर अधिकारी, सिमा सुरक्षा बल रौतहटका प्रमुख विक्रम हुमागाई, राष्ट्रिय अनुसन्धान विभाग रौतहटका प्रमुख अभिनय कुमार सिंहको उपस्थिति रहेको थियो ।

सो अवसरमा प्रमुख अतिथि रेग्मीले इलाका प्रहरी कार्यालय राजपुर फरहदवाका जग्गादाताका परिवारलाई सम्मान गरेका थिए। कार्यक्रममा विभिन्न कार्यालयका प्रमुख, संघसंस्थाका प्रमुख, सञ्चारकर्मी, पूर्व प्रहरी तथा अमर प्रहरीका परिवार लगायतको उपस्थिति रहेको थियो ।

# अपराध नियन्त्रणमा प्रहरीले महत्वपूर्ण भूमिका खेलेको छ : प्रजिअ भट्टराई



**बझाङ/मस-** बझाङका प्रमुख जिल्ला अधिकारी ओम प्रसाद भट्टराईले अपराध नियन्त्रणमा प्रहरीले महत्वपूर्ण भूमिका खेलेको बताए । ६९ औं प्रहरी दिवसको अवसरमा प्रहरी कार्यालय बझाङले आयोजना गरेको कार्यक्रममा उनले सो कुरा बताएका हुन् ।

गाउँ समाज र समुदायमा हुने अपराधको भित्रि रुपमा सूचनाको संकलन, सूचनाको विश्लेषण गरी प्रहरीले गरेको क्रियाकलाप अतिउत्तम रहेको प्रमुख जिल्ला अधिकारी भट्टराइले बताए ।

कुनै पनि नागरिक विना वर्दीको प्रहरी हो, शान्ति सुरक्षा कायम गर्ने, अमनचयन कायम गर्ने, चोरी निकासी र अपराध नियन्त्रण गर्ने काम प्रहरीको हो, यद्यपि त्यसमा आम नागरिकको त्यतिकै भूमिका रहेको उनको भनाइ छ ।

दिवसको अवसरमा व्याडमिण्टन र भलिबल प्रतियोगितामा विजयी हुने प्रहरीलाई पुरस्कार एवम् प्रमाणपत्र वितरण, अमर प्रहरी परिवार, प्रहरी कार्यालय स्थापनाको लागि निशुल्क जग्गा उपलब्ध गराउने जग्गादाता, उत्कृष्ट कार्य सम्पादन गर्ने प्रहरी, लगायत ज्येष्ठ पूर्व प्रहरीलाई सम्मान गरिएको थियो ।

जिल्ला प्रहरी कार्यालय बझाङका प्रहरी नायव उपरीक्षक (डिएसपी) युवराज भण्डारीको अध्यक्षतामा सो कार्यक्रम संचालन भएको थियो । कार्यक्रममा बझाङ जिल्लाका विभिन्न स्थानीय तहका प्रमुख एवम् प्रतिनिधि, सुरक्षा निकायका प्रमुख, विभिन्न सरकारी एवम् गैरसरकारी निकायका प्रमुख तथा प्रतिनिधिको सहभागिता थियो ।

# तिलगंगाका चिकित्सकद्वारा बंगलादेशमा घाइते भएकाको आँखाको उपचार



**काठमाडौं/मस-** बंगलादेशमा केही महिनाअघि भएको आन्दोलनका क्रममा आँखासम्बन्धी समस्या भएका बिरामीको तिलगंगा आँखा प्रतिष्ठानका चिकित्सकले उपचार गरेका छन् ।

आँखाको नानी च्यातिएका, गहिरो चोट लागेका, आँखाको पर्दा च्यातिएका बिरामीको तिलगंगा आँखा प्रतिष्ठानका चिकित्सकले उपचार गरेका हुन् ।

ती बिरामीको उपचारार्थ बङ्गलादेश सरकारको पहल र नेशनल इन्स्टिच्युट अफ अप्थाल्मोलोजी, बङ्गलादेशको निमन्त्रणामा सेवा फाउण्डेशन, बंगबन्धु शेख मुजीब मेडिकल र इशापानी इश्लामिया आँखा अस्पताल बंगलादेशसँगको सहकार्यमा प्रतिष्ठानको प्रतिनिधित्व गर्दै आँखाको पर्दा रोग विशेषज्ञ डा.रबा थापा नेतृत्वको टोलीले उपचार गरेको हो ।

टोलीमा नेपालबाट डा.थापासँगै लुम्बिनी नेत्र विज्ञान अध्ययन संस्थानका डा.सुशीला पटेल र डा सविता ढकाल सहभागी थिए। आँखामा गम्भीर चोट लागेका, दुर्घटनाबाट भएका मोतिबिन्दु र अन्य चोट, विशेषतः गोलीले क्षति पुगेका आँखामा जतिसक्दो चाँडो उपचार आवश्यक परेकाले 'केराटोप्लास्टी' र 'ग्लोब-सेभिङ' प्रविधिमा विशेषज्ञता भएका 'भिट्रेओ रेटिना सर्जन' र 'कोर्निया' विशेषज्ञहरूको मागअनुसार उनीहरु उपचारमा सहभागी भएका प्रतिष्ठानले जनाएको छ ।

प्रतिष्ठानले यस किसिमका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सामाजिक उत्तरदायित्व पूरा गर्ने उपचार सेवाले द्विपक्षीय सम्बन्ध थप प्रगाढ हुने विश्वास गरेको छ। बंगलादेशमा भएको आन्दोलन र त्यसपछिको नयाँ सरकारले हाल आन्दोलनका घाइतेहरुको उपचारलाई प्राथमिकतामा राखेको छ ।

## भूलसुधार

मध्यान्ह दैनिकको २०८१ असोज २४ गते बिहीबार प्रथम पृष्ठमा प्रकाशित सूचनामा 'हाम्रो आगामी अंक २०८१ कात्तिक १ गते प्रकाशित हुनेछ' हुनुपर्नेमा अन्यथा प्रकाशित भएकोले भुलसुधार गरिएको छ । यसबाट सम्बन्धित सबैमा पर्न गएको असुविधाप्रति क्षमाप्रार्थी छौं । - **प्रकाशक**

**इन्स्पेक्टर...**

प्रहरीका अनुसार, शाही नेतृत्वको प्रहरी टोलीले ७ असोजमा एक जना व्यवसायीलाई शान्ति सुरक्षा असर पुऱ्याएको कसुरमा पक्राउ गरेको थियो। पछि बलात्कार मुद्दामा फसाइदिने भन्दै लेनदेन गरेको आरोप लागेको छ ।

उनले त्यो रकम आफन्तको नाममा रहेको खातामा हाल्न लगाएको आरोप छ। प्रहरीले यो घटनामा मुछिएका शाहीका सवारी चालक समेत रहेका प्रहरी सहायक हवल्दार महेन्द्र हमाल, इटहरीकी सुष्मा विक, ताज स्लाम र भीमादेवी थापालाई पक्राउ गरिसकेको छ। प्रकरणमा मुछिएका थप केही व्यक्ति समेत फरार रहेको बताइएको छ ।

घटनामा संलग्न इटहरी घर भएका दर्शन पोखरेल फरार छन् । उनीहरूविरुद्ध आपराधिक लाभ सम्बन्धी कसुरमा जिल्ला प्रहरी परिसर ललितपुरले अनुसन्धान गरिरहेको छ ।

ललितपुरको सानागाउँमा घरजग्गा कारोबारीबाट सो समूहले ३० लाख असुलेको प्रहरीको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ। दुई पटकमा २० लाख नगद भिमादेवी थापाको खातामा जम्मा भएको प्रहरीको अनुसन्धानबाट पत्ता लागेको बताइएको छ । आफूसँग रकम असुल्न प्रहरी प्रभाग भैँसेपाटीकी इन्स्पेक्टर बिनु शाही मिलेको ती व्यवसायीले आरोप लगाएका थिए ।

**धर्मशालाम...**

समितिसँगको सम्झौता खारेज गरिदिएको थियो। तर, त्यसयता गौशालामा काठमाडौं महानगरका प्रहरी र माडवाडी सेवा समितिबीच विवाद भइरहेको छ ।

नेपाल प्रहरीले भने शान्ति सुरक्षाका लागि आफूहरू खटिएको दाबी गरेको छ । जिल्ला प्रहरी परिसर, काठमाडौंका एसपी नवराज अधिकारीका अनुसार डोजर नियन्त्रणमा लिएर शान्ति सुरक्षा कायम गराउन खोजिएको हो ।

**अझै...**

यसअघि महासंघका अध्यक्ष राजाराम गौतमले व्यवसायीले अन्य उपकरण सहित दुई लाख ४० हजार रुपैयाँभन्दा बढी मूल्य पर्ने आईरिस स्क्यानर राखेको भन्दै विभागले न्यून गुणस्तरको सफ्टवेयर जडान गरेकोले काम नगरेको टिप्पणी गरेका थिए ।

**डडेलधुरामा...**

बैतडीको पुर्चौडी नगरपालिका-१० का ६० वर्षीया महिला गोवणी महराको शव घटनास्थलबाट निकालिएको हो ।

जिल्ला प्रहरी कार्यालय डडेल्धुराका सूचना अधिकारी तथा प्रहरी निरीक्षक उपेन्द्र बमका अनुसार दुर्घटनामा मृत्यु भएका अन्य चारजनाको पनि सनाखत भइसकेको छ । पुर्चौडी-३ बस्ने ४५ वर्षीय जैमती बोहरा, दुई दिनका शिशु, २२ वर्षीय सहदेव बोहरा र २१ वर्षीया कमला बोहराको पनि घटनास्थलमै मृत्यु भएको हो ।

दुर्घटनामा परी गम्भीर घाइते भएका बस चालक वीरेन्द्र बोहरासहित १२ जनालाई थप उपचारका लागि धनगढी पठाइएको छ ।

बस सडकबाट झन्डै तीन सय मिटर खसेर दुर्घटनामा परेको हो ।

**मृतक...**

आधार शिविरको हाइक्यापमा बास बसेर धौलागिरि आरोहणका लागि गएका उनीहरु सात हजार छ सय मिटरको उचाइबाट सम्पर्कविहीन भएका थिए ।

यही असोज २१ दिउँसो ११ बजेदेखि सम्पर्कविहीन भएकाहरू मृत फेला परेका हुन् ।

प्रहरीका अनुसार रसियाका अलेक्जेन्डर दुशेको, ओलेग कुर्गलोभ, भ्लालिमिर चिस्तिकोभ, मिखाइल नोसेन्को र डिमित्री शालिलेभोइको शव असोज २३ गते दिउँसो भेटिएको थियो ।

हेलिकप्टर अवतरण गर्न र मानिस हिँडेर पुग्न नसकिने ठाउँमा रहेको शव मौसमको खराबी र प्रतिकूल भूगोलका कारण संकलन गरेर घटनास्थलबाट ल्याउन ढिलाइ भएको हो। उद्धारकर्ता हेलिकप्टरबाट रसीमा झुन्डिएर शव भएको ठाउँमा पुगेका थिए ।

आइ एम ट्रेकिङ एन्ड एक्सपिडिसनमार्फत १४ जना रसियाका पुरुष पर्वतारोहीहरु धौलागिरि हिमाल आरोहणका लागि गएका थिए । दुईजनाले सफल आरोहण गरेका थिए । सातजना पर्वतारोहीहरुले बीचमै आरोहण रद्द गरेका थिए ।

# देशभर बढ्दो डेंगु संक्रमण

**काठमाडौं/मस-** डेंगुको संक्रमण देशभर फैलिएको पाइएको छ। इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (इडिसिडी) को पछिल्लो तथ्यांकअनुसार देशभर १९ हजार बढी डेंगु संक्रमित छन्।


इडिसिडीका अनुसार डेंगु संक्रमितको संख्या १९ हजार पाँच सय ९९ पुगेको छ। यसवर्ष डेंगु संक्रमणबाट ९ जनाले ज्यान गुमाइसकेका छन्।

डेंगु संक्रमण मुलुकका ७६ जिल्लासम्म फैलिएको महाशाखाले जनाएको छ। डेंगु संक्रमण सबैभन्दा बढी काठमाडौंमा फैलिएको छ। काठमाडौंमा डेंगु संक्रमणबाट हालसम्म तीन हजार एक सय तीन जना प्रभावित बनेका छन्।

कास्कीमा दुई हजार आठ सय ४७ जनामा डेंगु संक्रमण देखिएको छ। यस्तै तनहुँमा दुई हजार एक सय सात, पर्वतमा एक हजार पाँच सय ६२, चितवनमा नौ सय ७१, ललितपुरमा आठ सय २७, गोरखामा ५ सय ८८, बाग्लुङमा छ सय १०, भक्तपुरमा तीन सय ५५ तथा स्याङ्जामा तीन सय ३५ जनामा डेंगु संक्रमण पुष्टि भइसकेको महाशाखाले जनाएको छ।

शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल टेकुका रिसर्च युनिटका संयोजक तथा संक्रामक रोग विशेषज्ञ डा. शेरबहादुर पुनका अनुसार 'पोस्ट मनसुन शुरु हुँदा डेंगुको जोखिम बढ्ने सम्भावना हुन्छ। दशैं लगत्तै अस्पताल आउने डेंगु बिरामी बढिरहेका छन्। समुदायमा डेंगु संक्रमण फैलिएको देखिन्छ।'

वि.सं २०८० को पुस मसान्तसम्म देशभर झण्डै ५२ हजारभन्दा बढीमा डेंगु संक्रमण पुष्टि भएकामा २० जनाको मृत्यु भएको थियो। डेंगु एडिस एजिप्टाई जातको पोथी लामखुट्टेको टोकाइबाट सर्ने एक प्रकारको कीटजन्य रोग हो। लामखुट्टेको टोकाइबाट बच्न पूरा शरीर ढाक्ने कपडा लगाउने, खाल्डाखुल्डी पुर्ने, खानेपानी वा ढल चुहिएको छ भने तत्काल मर्मत गर्ने, खाली भाँडाकुँडा घोप्ट्याएर राख्ने, पानीको ट्यांकी पूरै खाली गरेर सफा गरिरहने, सुत्ने बेला झुलको प्रयोग गर्नुपर्छ।



डेंगु संक्रमणबाट बच्न मुख्यत: लामखुट्टेको टोकाइबाट जोगिनुपर्छ। डा. पुन भन्छन्, 'झूलको प्रयोग गर्नु राम्रो हुन्छ। जटिल लक्षण देखिए स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।' डेंगु ज्वरो लामखुट्टेबाट सर्ने रोग हो जुन विश्वको ट्रपिकल तथा सब ट्रपिकल क्षेत्रमा देखा पर्दछ। डेंगुको संक्रमण हरेक वर्ष विश्वभर लाखौंको संख्यामा हुने गरेको छ।

डेंगु ज्वरो दक्षिणपूर्वी एसिया, पश्चिमी प्रशान्त महासागरीय टापुहरु, ल्याटिन अमेरिका र अफ्रिकामा सबैभन्दा बढी पाइन्छ। तर यो रोग युरोप र संयुक्त राज्य अमेरिकाको दक्षिणी भागहरुमा पनि फैलिरहेको छ। हलुका डेंगु ज्वरोले उच्च ज्वरो र फ्लू जस्ता लक्षणहरु निम्त्याउँछ।

डेंगु ज्वरोको गम्भीर रुप, जसलाई डेंगु हेमोरेजिक फिभर पनि भनिन्छ, यसले गम्भीर रक्तस्राव, रक्तचापमा अचानक गिरावट र त्यसका कारणबाट मृत्यु पनि निम्त्याउन सक्छ। लक्षणहरु सामान्यतया पहिलो संक्रमणको साथ गम्भीर हुँदैनन् तर, यदि तपाईंलाई डेंगु भाइरसका फरक संस्करणबाट अर्को संक्रमण भयो भने डेंगु ज्वरोबाट हुने गम्भीर जटिलताहरुको जोखिम बढ्छ।

डेंगु एडिस नामक लामखुट्टेको टोकाइबाट सर्छ, जसले जिका र चिकनगुनिया जस्ता भाइरस पनि बोक्छ। लामखुट्टेले डेंगु ज्वरो भएको व्यक्तिलाई टोक्छ र त्यसपछि अरु कसैलाई टोक्छ, जसले गर्दा उनीहरु संक्रमित हुन्छन्। डेंगु एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्ने रोग होइन तर डेंगु गर्भवती महिलाबाट बच्चामा सर्न सक्छ। डेंगु भाइरस फैलाउने दुई प्रकारका लामखुट्टे हुन्छन्। दुई प्रकारका लामखुट्टेको टोकाइबाट मानिसमा डेंगुको संक्रमण हुने गरेको छ। यी दुवै प्रकारका लामखुट्टे मानव आवास र वरपर पाइन्छ।

लामखुट्टेले डेंगु भाइरसबाट संक्रमित व्यक्तिलाई टोक्दा त्यो भाइरस लामखुट्टेमा प्रवेश गर्छ। त्यसपछि संक्रमित लामखुट्टेले अर्को व्यक्तिलाई टोक्दा त्यो व्यक्तिको रगतमा भाइरस पस्छ र संक्रमण गराउँछ। डेंगु ज्वरो चार प्रकारका डेंगु भाइरस मध्ये कुनै एकको कारणले हुन्छ। संक्रमित व्यक्तिको वरपर बसेर डेंगु ज्वरो आउन सक्दैन बरु लामखुट्टेको टोकाइबाट डेंगु ज्वरो सर्छ।

डेंगु ज्वरोबाट निको भएपछि, संक्रमित गर्ने भाइरसको प्रकारसँग दीर्घकालीन प्रतिरक्षा हुन्छ तर अन्य तीन डेंगु ज्वरो भाइरस प्रकारहरुमा हुँदैन। यसको मतलब तपाईं भविष्यमा अन्य तीन भाइरस प्रकारहरु मध्ये एकद्वारा फेरि संक्रमित हुन सक्ने सम्भावना हुन सक्छ। दोस्रो, तेस्रो वा चौथो पटक डेंगु ज्वरो आएमा गम्भीर डेंगु ज्वरो आउने खतरा बढ्छ, हामी डेंगु ज्वरोको बारेमा सतर्क रहन आवश्यक हुन्छ।

# व्यवसायी खड्का श्रेष्ठलाई पति शोक

**ललितपुर/मस-** वैदेशिक रोजगार व्यवसायी पार्वती खडका श्रेष्ठलाई पति शोक परेको छ।

ललितपुर कुपण्डोलस्थित मुनलाइट ईण्टरनेशनल प्रा.लि.की सञ्चालक खड्का श्रेष्ठका पति बद्रीकुमार श्रेष्ठको असोज २७ गते आइतबार अपरान्ह निधन भएको हो।



मिर्गौला फेल भएर विगत दुई वर्षदेखि डायलिसिस गराउँदै आएका श्रेष्ठको विगत चार महिनादेखि स्टार अस्पतालमा उपचार हुँदै आएको थियो।

सोही अस्पतालमा श्रेष्ठको निधन भएको हो। ५८ बर्षको अल्पायुमा निधन भएका श्रेष्ठको पत्नी र दुई छोरा छन्। मुनलाइट ईन्टरनेशनल प्रा.लि.का चेयरम्यानसमेत रहेका स्व. श्रेष्ठ मनकारी स्वभावका समाजसेवी पनि थिए।

# भारत लैजाँदै गरेको मदिरा प्रहरी नियन्त्रणमा



**प्रदिप सिंह/मध्यान्ह**
सिराहा, ३० असोज

सिराहाबाट भारततर्फ लैजाँदै गरिएको मदिरा सशस्त्र प्रहरीले नियन्त्रणमा लिएको छ। सिरहा नगरपालिका-१५, बुधौरास्थित सशस्त्र प्रहरीको टोलीले भन्सार छलि गरेर लैजान खोजिएको मदिरा नियन्त्रणमा लिएको हो। घटनामा संलग्न तीनवटा भारतीय नम्बर प्लेटका मोटरसाइकल र मदिरा सशस्त्र प्रहरीले नियन्त्रणमा लिएको जानकारी प्राप्त भएको छ।

सशस्त्र प्रहरी उपरीक्षक शिव गैरेकाअनुसार मदिरा भन्सारको प्रक्रिया पूरा नगरी चोरी पैठारीमार्फत् भारत पठाउन लागिएको थियो। मोटरसाइकलमा लोड गरिएको 'सोफी' ब्रान्डको मदिरा भारततर्फ लैजाँदै गरेको अवस्थामा प्रहरीले उक्त मदिरा नियन्त्रणमा लिएको हो। नियन्त्रणमा लिइएको मदिराको मूल्य अन्दाजी ८१ हजार रुपैयाँ बराबर रहेको छ।

सशस्त्र प्रहरी प्रमुख गैरेले भने, 'भन्सार छलि गरेर अवैध रुपमा भारततर्फ मदिरा लैजान खोजिएको थियो। हाम्रो टोलीले समयमै कारबाही गरेर नियन्त्रणमा लिन सफल भयो।' यसै क्रममा प्रहरीले मदिरा लोड गरिएको तीनवटा भारतीय नम्बर प्लेटका मोटरसाइकल पनि नियन्त्रणमा लिएको छ।

सिराहा क्षेत्र भारतसँगको सीमावर्ती जिल्ला भएकाले यस क्षेत्रमा सीमा अपराध बढ्दो क्रममा रहेको छ। अवैध सामानको तस्करी, मदिरा, लागूऔषध, तथा अन्य भन्सार छलि भएका सामग्रीको ओसारपसार हुने गरेको पाइन्छ। तर, सशस्त्र प्रहरीको सक्रियताका कारण यस प्रकारका गैरकानुनी क्रियाकलाप नियन्त्रण गर्न निरन्तर प्रयास भइरहेका छन्।

प्रहरीले नियन्त्रणमा लिएका मोटरसाइकल र मदिरालाई आवश्यक कानुनी प्रक्रियाका लागि भन्सार कार्यालयमा बुझाइएको छ। यस्ता अवैध गतिविधिहरुमा संलग्न व्यक्तिहरुलाई कडा कारबाही गरिने पनि सशस्त्र प्रहरीले जानकारी गराएको छ। साथै, सीमाक्षेत्रमा अवैध क्रियाकलापहरु रोक्नका लागि थप सतर्कता अपनाउने र निगरानी बढाउने योजना पनि प्रहरीले बनाएको छ।

सिरारहामा अवैध मदिराको तस्करीको घटना पहिलोपटक भने होइन। यसअघि पनि सीमाक्षेत्रका विभिन्न नाकाहरुबाट अवैध रुपमा मदिरा तथा अन्य सामग्रीको ओसारपसार भइरहेको थुप्रै घटना सार्वजनिक भएका छन्।

# बझाङमा सिलदेवी मेला शुरु हुँदै : देउडा, भलिबल र कृषि प्रदर्शनी

**सत्यराज सिंह/मध्यान्ह**
बझाङ, ३० असोज



बझाङको सदरमुकाम चैनपुरमा आयोजित प्रसिद्ध ऐतिहासिक, धार्मिक, व्यापारिक सांस्कृतिक, एवम् पर्यटकीय सिलदेवी मेलामा देउडा, भलिबल र कृषि प्रदर्शनी हुँदैछ। बिहीबार पूर्णिमाको दिनदेखि शुरु सिलदेवी मेलामा महिला-पुरुष अन्तरपालिका भलिबल, देउडा र कृषि प्रदर्शनी मेलाको आयोजना गरिएको उद्योग वाणिज्य संघ बझाङका उपाध्यक्ष शंकर रसाइलीले जानकारी दिए।

उद्योग वाणिज्य संघ बझाङले बुधबार पत्रकार सम्मेलन गर्दै मेलाको अवसरमा गरिने खेलकुद लगायतका कार्यक्रमहरुको बारेमा पत्रकारहरुलाई जानकारी दिएको छ।

कोभिड र विपद्का कारण केही वर्ष उद्योग वाणिज्य संघले मेलामा हुने कार्यक्रम आयोजना गर्न नसकेको र यो वर्षदेखि फेरि निरन्तरता दिएको उद्योग बाणिज्य संघ बझाङका अध्यक्ष दानबहादुर सुर्मेलीले बताए। कात्तिक १ गतेबाट शुरु हुने सिलदेवी मेलाको अवसरमा शुरु हुने कार्यक्रमहरु कात्तिक ७ गतेसम्म चल्ने भएका छन्।

मेलामा आयोजना गरिएको भलिबल प्रतियोगिता अन्तरपालिका स्तरीय हुने आयोजकले जनाएको छ। पुरुष भलिबलतर्फ प्रथम पुरस्कार २ लाख २ हजार ८१ रहेको छ। द्वितीय पुरस्कार १ लाख २ हजार ८१, तृतीय पुरस्कार ५२ हजार ८१ भने सान्त्वना पुरस्कार १२ हजार ८१ रुपैयाँ रहेको छ।

पुरुष भलिबलका लागि टिम दर्ता शुल्क १० हजार तोकिएको छ। यस्तै महिला भलिबल तर्फ प्रथम पुरस्कार १ लाख २ हजार ८१, द्वितीय पुरस्कार ५२ हजार ८१, तृतीय पुरस्कार २२ हजार ८१, सान्त्वना पुरस्कार ५ हजार ५ सय ८१ रहेको छ भने टिम दर्ता शुल्क ५ हजार रुपैयाँ रहेको छ।

पुरुष भलिबलमा ३० टिम र महिला भलिबलमा २० टिम सम्म पुग्ने अनुमान आयोजकले गरेको छ। सिलदेवी मेलामा आयोजना गरिने भलिबलले बझाङबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडीहरु उत्पादन गरेको आयोजकले जनाएको छ।

यसैबीच, स्थानीय भेषभूषा र देउडाको संरक्षणका लागि सिलदेवि मेलामा अन्तरपालिका महिला-पुरुष देउडा प्रतियोगिता आयोजना गरिएको छ। उद्योग वाणिज्य संघ बझाङले देउडा संस्कृति जोगाउन स्थानीय भेषभूषा, मौलिकता र पहिरनमा देउडा प्रतियोगिता आयोजना गरेको हो। हराउँदै गएको देउडा संस्कृतिको संरक्षण गर्न र मौलिकताको प्रचारप्रसारको लागि देउडा प्रतियोगिता आयोजना गरिएको उद्योग वाणिज्य संघ बझाङका महासचिव नरेन्द्र खड्काले बताए। बझाङको मौलिक परम्पराका रुपमा रहेको देउडा गीतको संरक्षण र विकास गर्ने उद्देश्यले देउडा प्रतियोगिता आयोजना गरिएको महासचिव खड्काको भनाइ छ।

चालचलन, मौलिकता, गीत संगीतका संरक्षण र स्थानीय पुरानो पहिरनका साथै यसको संरक्षण तथा महत्वबारे पुस्तान्तरण गर्नको लागि सन्देश दिन देउडा प्रतियोगिताको आयोजना गरिएको उद्योग वाणिज्य संघ बझाङका अध्यक्ष दान बहादुर सुर्मेलीले बताए। उनले भने, 'समाजमा केही कुराको जानकारी र सन्देश दिन अन्य कार्यक्रमभन्दा गीत, संगीत र देउडा खेलको अत्यन्तै प्रभावकारी भूमिका हुन्छ। स्थानीय, मौलिक परम्परा, भेषभूषा, चालचलन, धर्म र सांस्कृति जगेर्ना गर्नु हाम्रो कर्तव्य हो। त्यसैले युवा जनमानसमा, स्थानीय देउडाको संरक्षण र चेतनाको सन्देश फैलाउनका लागि देउडा प्रतियोगिता आयोजना गरेका छौं।'

सहभागी देउडियाबाट प्रथम हुनेलाई, ३० हजार, द्वितीय हुनेलाई २० हजार र तृतीय स्थान हासिल गर्ने प्रतियोगीलाई १० हजार पुरस्कार रहेको छ। पुराना पुस्ताका मौलिक परम्परागत, पहिरन, साथै देउडा खेलसमेत लोप हुने अवस्थामा रहेकाले यसलाई संरक्षण गर्नको लागि सबैले प्रभावकारी भूमिका निर्वाह गर्नुपर्ने समेत आयोजकले बताएको छ।

सिलदेवी मेलामा स्थानीय उत्पादन (कृषि मेला) प्रदर्शनी आयोजना गरिएको छ। कृषि ज्ञान केन्द्र बझाङको आयोजना र उद्योग वाणिज्य संघको समन्वयमा स्थानीय बालीको संरक्षण प्रवर्द्धन र बजारीकरण गर्न सहयोग पुऱ्याउने उद्देश्यले मेलामा स्थानीय उत्पादनको प्रदर्शनी (कृषि मेला) आयोजना गरिएको हो।

प्रदर्शनीमा किसानहरुले आफैं उत्पादन गरेका रैथाने वस्तुहरुका स्टल राखिने उद्योग बाणिज्य संघ बझाङका महासचिव नरेन्द्र खड्काले बताए। पछिल्लो समय बाहिरबाट आयातित खाद्यान्नका कारण स्थानीय उत्पादनमा गिरावट आउन थालेपछि किसानहरुलाई स्थानीय उत्पादनमा लाग्न प्रेरित गर्ने हेतुले स्थानीय उत्पादन प्रदर्शनी आयोजना गरिएको उनको भनाइ छ। मेलामा १० हजार दर्शक सहभागी हुने आयोजकले अपेक्षा गरेको छ। मेलाको ९० प्रतिशत तयारी सक्किएको आयोजकले जनाएको छ।

मेलालाई व्यवस्थित र सफल बनाउन स्वयंमसेवक तोकेको र सबै सुरक्षा निकायसँग छलफल भएको उद्योग बाणिज्य संघ बझाङका उपाध्यक्ष शंकर रसाइलीले बताए। मेलामा राष्ट्रिय कलाकार हरुको प्रस्तुति समेत देखाइने भएको छ। एघारौं शताब्दीतिर दुर्गादेवीकी १६ बहिनीमध्ये सुर्मादेवी सुर्मा सरोवर जाने क्रममा चैनपुर आएको र चैनपुरका जोख्या थापासित काँक्रो माग्दा नदिएपछि आफ्नो दिव्य शक्तिले सेती नदी र बाहुलीगाड खोलाको बहाब बढाई चैनपुर बगाइदिएको किंबदन्ती छ। उक्त भनाइअनुसार कोजाग्रत पूर्णिमाको दिन भएको घटना चैनपुरको बीच भागमा रहेको ढुंगामा बसेर सुर्मादेवीले हेरेकाले सोही ढुंगा (सिल) लाई यहाँका मानिसले मन्दिर बनाई पूजा गर्दै मेला गर्न थालेका हुन्।


## ट्रान्सक्रिप्ट हराएको सूचना

मिति २०८१/०५/२५ गते टाडीबाट पर्साजाँदा मेरो निम्न व्यहोरा भएको पोखरा विश्व विद्यालयको Bachelor तहको ट्रान्सक्रिप्ट सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले निम्न मोवाइल नं. वा नजिकको प्रहरी कार्यालयमा बुझाई दिनुहुन विनम्र अनुरोध गर्दछु।
**नाम : सुर्य विक्रम चौधरी**
**रजिष्ट्रेसन नं. : २००१०२०४०२६८**
**सिम्बोल नं.: २११२६५**
**मोवाइल नं. ९८५५०६६४६१**



## जापानमा रोजगार

कम्पनी : NISHI NIHON KENWA COOPERATIVE — शहर : Japan,FUKUOKA
पूर्व स्वीकृत मिति: २०८१/०६/३० चलानी नं.: ६०२२६६११ LT. No.: 312234

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Japanese Yen | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Plasterer | 2 | 0 | स. काममा दक्ष | 173000 | १५५२३४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | ३ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. ४०,००० कामदारले |

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरीक हुनुपर्ने। (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ। (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने। (घ) निर्माण सम्बन्धि कामको निमित्त सम्बन्धित उद्योग, उद्यम वा सम्बन्धित विषयको संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने। (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने। (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने।

**दरखास्त साथ पेश गनुपर्ने आवश्यक कागजातहरु:**
(क) नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ। (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र। (छ) नेपालमा आफु कार्यरत रहेको सम्बन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनी आफु कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजको प्रतिलिपि।

**१) दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति** : स्थान यस प्रालिको कार्यालय, यो सूचना प्रकाशित भएको मितिले २८ दिन भित्र
**२) प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवद्धन खर्च समेतको) कुल खर्च** : नि शुल्क
**३) प्रशिक्षार्थी छनौट गर्ने तरीका, मिति र स्थान, छनौट तरिका, अन्तर्वार्ता**
**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी** :
१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस्। आफुले बुझाएको रकमको भपाई अनिवार्य रुपमा लिनुहोस्।
२) आफु काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस्।
३) यस विज्ञापन सुचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोस्।
४) विदेश जानुअघि अभिमुखीकरण तालीम अनिवार्य लिनुहोस्।
५) अनिवार्य रुपमा विमा गराउनुहोस्।
६) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस्। सोको एक प्रति आफुसँग राख्नुहोस्।
७) श्रम स्वीकृतिविना वैदेशिक रोजगारीमा नजानुहोस्। वैदेशिक रोजगारमा जाँदा नेपालका एयरपोर्ट प्रयोग गर्नुहोस्। बैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नुहोस्। इजाजतप्राप्त रोजगार प्रा.लि.मा आफै गई आवश्यक कुरा बुझ्नुहोस्। अन्यथा ठगिने सम्भावना हुन्छ।
८) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग तीनकुनेमा सम्पर्क राख्नुहोस्।
९) काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस्। १०) काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस्। ११) करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस्।
**नोट: जापानिज भाषा स्पष्टसँग बोल्न, पढन र लेख्न सक्ने हुनुपर्नेछ। जापान सरकारले औधोगिक प्रशिक्षार्थीको रुपमा लिने, कुनैपनि कामको बारेमा अनुभवी प्रशिक्षकबाट तालिमको पनि व्यवस्था छ। साथै औधोगिक प्रतिस्थानमा प्रयोग हुने व्याबहारीक जापानिज भाषा अडियो तथा भिडियोको माध्यमबाट जापानिज भाषा सिकाइन्छ।**

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८१ कार्तिक ८ गते (24 October 2024) मा हुनेछ।**

FEWA OVERSEAS PVT. LTD. Gov. Lic. No. 1559/079/80
Kageshwori Manohara 09 Airport Nagar Gothatar Kathmandu, Tel: +977-01-5914530, 9808655324
E-mail: fewaoverseas11@gmail.com , website: fewaoverseas.com.np



## साउदीमा रोजगार

कम्पनी: REEF AL AMAL OPERATION AND MAINTENANCE COMPANY — शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८१/०६/२९ चलानी नं.: ६०२२६५९२ LT. No.:312190

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Workers, Steel Constru | 48 | 0 | स. काममा दक्ष | 1000 | ३५,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ कार्तिक ९ गते (25 October 2024) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

सगुन ओभरसिज सर्भिसेज प्रा.लि. (सगुन होम)
श्रम इजाजत नं. ३९६/०६०/०६१
पो.ब.नं. ३२३, डिल्लीबजार, कालिकास्थान-३२, फोन : ०१-४५१७५३०, ०१-४५४०१४६, ०१-४५१८५३२
E-mail: sagunoverseas@gmail.com | sagunkathmandu@gmail.com
Phone No : 9851113226



## साउदीमा रोजगार

कम्पनी: SOURCE MACHINERY FOR TRADING & CONTRACTING LTD CO. शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८०/११/२७ चलानी नं.: ६०२१६२१३ LT. No.:301321 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading & Unloading Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ कार्तिक ८,१०,११ गते (24,26,27 October 2024) मा हुनेछ।**
**अन्तर्वार्ता अञ्जली ट्रेनिङ सेन्टर सुनसरीमा २०८१ कार्तिक ९ गते (25 October 2024) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

Nice Recruiting Agency Pvt. Ltd.
श्रम ई. पत्र नं. १०६२/०७३/०७४
Samakhusi-26, Kathmandu, Landline No : 01-4957256,
Mob: 9741690732, 9829217688, 9851100368
Website nicemanpower.com. E-mail: nicerecruitingagency1062@gmail.com



## कुवेतमा रोजगार

कम्पनी: BRANDS MANTH COMPANY FOR WHOLESALE AND RETAIL TRADE AND COMMISSION AGENCY शहर : Kuwait
पूर्व स्वीकृत मिति: २०८१/०६/२३ चलानी नं.: ६०२२६५२० LT. No.:312011

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 2 | 0 | स. काममा दक्ष | 150 | ६५,६१७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ कार्तिक ८ गते (24 October 2024) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

F.S. Worker Agency Pvt. Ltd. Gov. Lic No. 1624/079/080
Ka.Ma.Pa- 4, Maharajgunj, Kathmandu, Nepal
Tel:- +977-1-5914593, 5914594, Email: info@fsworkeragency.com.np, Website: www.fsworkeragency.com.np



## युएईमा रोजगार

कम्पनी : BEST GURKHA SECURITY SERVICES शहर: UAE
पूर्व स्वीकृत मिति: २०८०/१२/०४ चलानी नं.: ६०२१६६९० LT. No.: 301783 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 28 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,८३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Sales Officer | 18 | 0 | | 1200 | ४३,८३६ | | | | | | | |
| 3. | Cleaner | 20 | 0 | | 1200 | ४३,८३६ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ कार्तिक ६ गते (22 October 2024) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

H.M.T. Overseas Pvt. Ltd. Govt. Lic. No. 1429/074/075
Sinamangal 9 Kathmandu, Nepal Tel.: 01-4111301 Mobile: 9847497631,
9842036587, 9823164783, 9808466028, 9803515104, 9866691140, 9827685565



## युएईमा रोजगार

कम्पनी : WAFAR BUILDING MAINTENANCE शहर : UAE
पूर्व स्वीकृत मिति: २०८१/०६/२९ चलानी नं.: ६०२२६५९० L.T. No.: 312162

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Steel Fixer | 50 | 0 | स. काममा दक्ष | 1200 | ४३,८३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL TANMYAH SERVICES LLC शहर : UAE
पूर्व स्वीकृत मिति: २०८१/०६/२९ चलानी नं.: ६०२२६५९१ L.T. No.: 312203

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | TECHNICIAN GENERAL | 100 | 0 | स. काममा दक्ष | 1200 | ४३,८३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : EMIRATES LINK MALTAURO COMPANY - LLC शहर : UAE
पूर्व स्वीकृत मिति: २०८१/०६/१७ चलानी नं.: ६०२२६५९३ L.T. No.: 309697

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 50 | 0 | सम्बन्धित काममा दक्ष | 900 | ३२८७७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Mason/Tile Worker | 50 | 0 | | 1200 | ४३८३६ | | | | | | | |
| 3. | Scaffolder | 30 | 0 | | 1300 | ४७४८९ | | | | | | | |
| 4. | Welder (General) | 20 | 0 | | 1300 | ४७४८९ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८१ कार्तिक ८ गते (24 October 2024) हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

मदरल्याण्ड ओभरसिज प्रा. लि.
श्रम इजाजत पत्र नं. ३३९/०५९/०६०
Opposite of Basundhara Chowki, Ph.: 01-496 1111, 4366318, Fax: 436474
Email : cv@motherlandgroupnepal.com ,info@motherlandoverseas.com, Website:www.motherlandoverseas.com

मध्यान्ह
www.madhyanhadaily.com
१ कात्तिक २०८१, बिहीबार
17 October 2024, Thursday

## सम्पादकीय

# विपद्मा हराएको सरकार

संसदका दुई ठुला दल नेपाली कांग्रेस र नेकपा (एमाले)बिच सत्ता सहकार्य हुँदै गर्दा आमरूपमा राजनीतिक स्थिरताको सन्देश गएको थियो । जनताले तमाम समस्याबाट तत्कालिनरूपमै भए पनि निकास पाउने अपेक्षा गरेका थिए । हुन पनि साना दलले सरकारको नेतृत्व गर्दै गर्दा स्वाभाविक रूपमा धेरै कुराहरूमा सहजता देखिएको थिएन । धेरै निर्णयहरू सर्वस्वीकार्य खालका थिएन । तर, झन्डै दुई तिहाइ जनमत पाएका दुई ठुला दलको सहकार्य नै स्वभावतः समस्याको निकासको सुरूवात थियो । जुन लामो समयदेखि अल्झिरहेको संक्रमणकालीन न्याय सम्बन्धी विधेयक (टीआरसी) संसदबाट पारित हुँदा पनि झल्कियो । यद्यपि, टीआरसीलाई नयाँ अध्यायको रूपमा मान्दै गर्दा त्यसयता आशा जगाउने अन्य निर्णय भने हुन सकेनन् ।

असार ३० यता ९० दिनको बिचमा सरकारले आशा होइन, थप निराशा जगाउने काम गरेको छ । सरकारबाट एकपछि अर्को गरी भएका विवादित निर्णयहरू र नेतृत्वकर्ताको रूपमा कांग्रेस र एमालेभित्रको राजनीतिले जनतालाई अत्यास बनाएको छ । सुरूवातमै विवादितलाई मन्त्री बनाउने कदमले प्रश्न उठाएको गठबन्धन सरकारप्रति त्यसयता भएका निर्णयहरू प्रश्नले घेरिएका छन् । झन्डै दुई तिहाइको शक्तिशाली सरकार एकातिर एउटा स्थानीय निकायको प्रमुखसँग टसल गर्न तम्सिएको देखियो भने अर्कोतिर अब्बल र उज्यालो देखिएको सार्वजनिक संस्थानको नेतृत्वमाथि जाइलागेको भाव आमरूपमा पऱ्यो । सरकारले ९० दिनको बिचमा गरेका कामलाई सरसर्ती हेर्दा, केही थान नियुक्ति र सरूवा/बढुवा नै अगाडि देखिन्छन् । विपद्मा आश्वासनसमेत बाँड्न नसकेको सरकारले योबिचमा जनतालाई उत्साहित बनाउने कुनै ठोस कदम चाल्न सकेन । विडम्बना नै मान्नुपर्छ, संख्यामा झन्डै दुई तिहाइको तर, व्यवहारमा कमजोर देखिएको सरकार, विवादमा भने अब्बल देखियो ।

बाढी पहिरोबाट देशभर हजारौँ नागरिक बेघर छन् । उनीहरूले सरकारबाट सामान्य राहतसमेत पाउन नसकेको गुनासो गरिरहेका छन् । यो दुःखको घडीमा सरकार नेतृत्वकर्ता दल भने अत्याधुनिक र आलिसान पार्टी कार्यालय बनाउन अघि सरेको छ । पार्टी कार्यालय बनाउनु अन्यथा होइन, तर लाखौँ कार्यकर्ता र मतदाता भएको शक्तिशाली पार्टी, त्यो पनि सत्ताको नेतृत्वकर्ता दल, एउटा व्यापारीसँग दानमा जग्गा लिँदै कार्यालय बनाउने निर्णयमा देखिन्छ । एमालेकै भाषामा 'अन्तर मनबाट पारदर्शी र खुल्ला दिलले' दिएको दान स्वीकार गर्नु अन्यथा होइन तर, विवादित त्यो पनि सरकारवादी मुद्दाले घेरिएको पात्रबाट दानमा जग्गा लिइएको छ । यो कदममाथि प्रश्न उठेको छ । यसले आमरूपमा समेत प्रश्न उठाएको छ र थप अविश्वासको अवस्था निम्त्याएको छ । जनतालाई निराश बनाउने काम बन्द गरियोस् ।

# हिमाल जोगाउने सवाल

*प्राकृतिक स्रोतको अत्यधिक दोहन, ऊर्जाको अत्यधिक प्रयोग र बढ्दो औधोगिककरणले जलवायु परिवर्तन सिर्जना गरी मानव जीवनका हरेक क्षेत्रमा नकारात्मक असर पुऱ्याएको छ ।*

अग्रलेख



● शिवकुमार श्रेष्ठ (शिवांसु)

जलवायु परिवर्तनको कारण नेपाल र विश्वका हिमाल, हिमनदी र अन्टार्टिकाका हिउँहरू दिन प्रतिदिन पग्लने क्रम बढ्दो छ । संसारका १० उच्च हिमालहरूमध्ये आठ वटा उच्च हिमालका शिखरहरू नेपालमा अवस्थित छ । पछिल्लो समय जलवायु संकटको कारण ठुला-ठुला महामारी प्राकृतिक प्रकोप तथा पर्यावरणीय विनाश भइरहेको छ । जसको प्रभावले मानवीय तथा प्राकृतिक क्षति भइरहेको छ । जसका लागि सबैलाई सम्मान, समानता र न्याय हुने गरी जलवायु संकट समाधानका विश्व कार्य योजना बनाउनु पर्दछ । जुन समुदाय बढी प्रभावित छ, उनीहरूलाई जलवायु न्याय र सुशासनका लागि नीति निर्माण तथा कार्यान्वयनमा भेदभाव विना सहभागिता गराउनु पर्छ ।

वार्षिक औसत तापक्रम सन् २००० लाई पूर्वाधार रेखा मान्दा सन् २०३० सम्म १.२ डिग्री सेल्सियसका दरले बढ्ने प्रक्षेपण गरिएको छ । यस्तै, सन् २०५० सम्म १.७ डिग्री सेल्सियस र सन् २१०० सम्म ३.० डिग्री सेल्सियस दरले बढ्ने अनुमानले थप चिन्तित बनाएको छ । त्यसैकारण कोप २३ को पेरिस जलवायु सम्मेलनले तापक्रम वृद्धि १.५ डिग्री सेल्सियसमा सीमित राख्ने कार्य योजना विश्वसामु राखेको छ ।

हिमाली क्षेत्रमा हिऊँ विना जीवन चल्दैन । पहिला पहिला ५ देखि १० फिट सम्म हिमपात सजिलै हुन्थ्यो । हिउँ हिमाली क्षेत्रको सिचाइको मुख्य स्रोत पनि हो । हिमपात हुनुलाई शुभ र खेती उब्जनीको लागि अहम्

> *७४ वर्षको अवधिमा नेपालका हिमालय आरोहण गर्नेको संख्या लाखौँमा छन् । आरोहीबाट नेपालले रोयल्टी बापत अरबौं आम्दानी गरेको छ । तर, आरोही, गाइड, कुक, भरिया र सहयोगीबाट हिमाल आरोहण गर्दा खेरिको फोहर व्यवस्थापनको लागि नेपाल सरकारले खासै चासो र व्यवस्थापन गरिएको देखिँदैन ।*

भूमिका लिइन्छ । हिमपात हुँदा कृषि, वन वातावरण तथा सामाजिक जन जीवनमा समेत सकारात्मक प्रभाव पर्दछ । हिमपात नपर्दा विभिन्न प्रकारको रोग व्याधि फैलिनुका साथै जडीबुटीका लागि अत्यावश्यक छ, भने जीवन धान्न पनि हिउँ पर्नु आवश्यक छ । जलवायु परिवर्तनको असर प्रत्यक्ष रूपमा सेतो हिमाल कालापथ्थरमा परिणत भएका छन् । हिजोआज हिमालमा समेत हिउँ देखिन छाडेका छन् । प्रायः मंसिरको अन्तिम साताबाट मात्र हिमपात शुरु हुन्छ । मनाङको गंगापूर्ण र लमजुङलगायत आधाभन्दा बढी हिमपात काला पथ्थरमा रूपान्तरण भइसकेको छ ।

सर्वप्रथम सगरमाथा सन् १९५३ मे २९ मा एडमन्ड हिलारी र तेन्जिङ नोर्के शेर्पाले आरोहण गरेका थिए भने बिना अक्सिजन आङरिता शेर्पाले १० पटक सगरमाथा सफल आरोहण गरी विश्व कीर्तिमान राखे । सन् २००८ मे २२ तारिख ८८ जना आरोहीहरूले एकै दिन सगरमाथा चढेका थिए । त्यस्तै, जलवायु परिवर्तनविरुद्धका अभियन्ता पिके शेर्पा र उनका १६ वर्षीय छोरा सोनूम शेर्पाले सन् २०२२ मे २३ मा एकै पटक सगरमाथा आरोहण गरेका थिए । नेपालका २५ हिमाल चढेन आरोहीले अनुमति पाउने गरेको छन् । सबैभन्दा बढी सर्वोच्च शिखर सगरमाथा पर्दछ भने




दोस्रो रोजाइमा ल्होत्से हिमाल परेको छ । ०७९ सालको वसन्त यामको सगरमाथा तथा चुली आरोहणका लागि कुल ८९९ आरोहीले अनुमति लिएका थिए । एडमन्ड हिलारी र तेन्जिङ नोर्के शेर्पा भन्दा पहिला नेपालमा पहिलो पटक सफल हिमाल आरोहण सन् १९५० मा फ्रेन्च नागरिक मरिस हजोग र लुइस लाकनले अन्नपूर्ण हिमाल आरोहण गरोका थिए । सन् १९९७ मे २८-३१ तारिखका दिन नेपालमा अन्तर्राष्ट्रिय पर्वतारोही दिवस मनाइयो । यसरी सन् १९५० देखि २०२४ सम्म पर्वतारोहीहरूले पर्वत आरोहण गर्दै आइरहेका छन् ।

७४ वर्षको अवधिमा नेपालका हिमालय आरोहण गर्नेको संख्या लाखौँमा छन् । आरोहीबाट नेपालले रोयल्टी बापत अरबौं आम्दानी गरेको छ । तर, आरोही, गाइड, कुक, भरिया र सहयोगीबाट हिमाल आरोहण गर्दा खेरिको फोहर व्यवस्थापनको लागि नेपाल सरकारले खासै चासो र व्यवस्थापन गरिएको देखिँदैन । विभिन्न संघ संस्था र व्यक्तिबाट भएको समाचारमा आएको छ । व्यक्तिगत रूपमा हिमाल सफाइ अभियानमा पिके शेर्पाले हिमाल सफाइसहित जलवायु परिवर्तन विरुद्ध जनचेतना मूलक कार्यक्रम र पैरवीमा संलग्न रहँदै आएका छन् । पिके शेर्पाले सगरमाथा क्षेत्रबाट आठ सय किलो फोहर र पाँच वटा मृतक मानव शरीर व्यवस्थापन गरेका छन् । हिमाल सफाइ कार्यक्रम गर्न केही साथी मिली सन् २०१० मा (फेन्डस अफ सेभ द हिमालय) नामक संस्था खोलेका छन् । सन् २०२१मा नेपाली सेनाको सफा हिमाल सफाइ अभियान अन्तर्गत धौलागिरि हिमालको फोहर संकलनमा युनिलिभर नेपालको सहकार्यमा पाँच हजार २० किलो फोहर संकलन गरेको थियो ।

सगरमाथा नेकस्ट नामक संस्थाले सगरमाथाको फोहर संकलन गरी फोहोरबाट बनेका सामाग्री विक्रीबाट आएको रकम सगरमाथा प्रदूषण तथा नियन्त्रण समितिलाई प्रदान गरिने जनाएको छ । दिशा, पिसाब, खाली अक्सिजन सिलिन्डर, प्लास्टिकका वोटल, क्यान, ब्याट्री, खाना बेरिएको वस्तु, च्यातिएको टेन्ट, कागजात र मृतक शरीरहरू पर्दछन् । सगरमाथामा मिल्किएको फोहरको समस्यासँग जुध्न चीनले वातावरण मैत्री शौचालय सात हजार २८ मिटरको उचाइमा बनाउने भएको छ ।

सन् २०२१ मा नेपाली सेनाको सफा हिमाल अभियानअन्तर्गत सगरमाथासहित अन्य हिमालबाट २७ हजार ६७१ किलो फोहर तथा चार वटा शव संकलन गरिएको थिए । यस पटक वन तथा वातावरण मन्त्रालय, पर्यटन विभाग सहित सरोकार वाला निकायको सहकार्यमा सेनाको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षण निर्देशनालयको व्यवस्थापनमा सगरमाथा, होल्से, पुमरी, आमदब्लम,मकालु तथा धौलागिरि हिमालबाट फोहर संकलन अभियान गरेको हो । सफा हिमाल अभियान २०२२ अन्तर्गत नेपाली सेनाको नेतृत्वमा भएको हिमाल सफाइ अभियानका टोली सगरमाथा, ल्होत्से, कञ्चनजङ्घा र मनास्लुबाट १६०० के.जी. फोहोर संकलन गरेको थियो । सेनाका अनुसार सगरमाथा र ल्होसे क्षेत्रबाट छ हजार ३६५ केजी, कञ्चनजंघाबाट छ हजार ६१२ के.जी, मनास्लुबाट चार हजार २३ के.जी फोहोर संकलन गरेका थिए ।

सन् २०२१ मा १२ करोड ५५ लाख रूपैयाँ खर्च गरेर सेनाले फोहोर संकलनको समन्वय गरेको थियो । चार हिमालमा सैनिक तथा शेर्पा सहित ९१ जनाको सहभागिता थियो । सन् २०२१मा सेनाले छ वटा हिमालबाट ३५ टन फोहर संकलन गरेको थियो । सेनाका अनुसार सगरमाथा क्षेत्रमा मात्रै तीन सय शव र फोहर मैला छन् । सगरमाथा क्षेत्रमा एक सय ४० टन फोहोर र चालीस टन जति दिशाजन्य फोहोर रहेको अनुमान छ । सेनाले हिमाली अर्थतन्त्र प्रदूषण नियन्त्रण तथा हिमाली साहसिक पर्यटनको अवधारण अनुसार एकीकृत योजना अनुसार फोहोर सफाइ काम गरिरहेको छ । हिन्दकुश हिमालय श्रृंखला १५०० किलो मिटर लामो छ ।

एसियाका करिब एक अर्ब ३० करोड जनसंख्याको पानीको स्रोत हिमालय हो । यस क्षेत्रमा छ हजार मिटरभन्दा माथिका एक हजार तीन सय १० हिमालमध्ये हाल चार सय १४ हिमाल मात्र आरोहणको लागि खुल्ला गरिएको छ । आरोहण खुल्ला गरेका हिमालमा आरोहीहरूले फोहोर छाड्ने गरेका छन् । सन् २००८ देखि २०१९ सम्म शेर्पाहरूको टोलीले सगरमाथा क्षेत्रबाट २१ हजार एक सय किलो फोहर संकलन गरेर ल्याएका थिए । मानव सिर्जित समस्या जस्तैः प्राकृतिक स्रोतको अत्यधिक दोहन, ऊर्जाको अत्यधिक प्रयोग बढ्दो औधोगिककरणले जलवायु परिवर्तनका कारण मानव जीवनका हरेक क्षेत्रमा नकारात्मक असर पुऱ्याएको छ । मानव सिर्जित समस्या कम गर्न सकिए जलवायु परिवर्तनले पनि असर न्यूनीकरण गर्दछ ।

## सामाजिक सञ्जाल



**- डम्मर खतिवडा**

गिरिजाबाबुलाई चिरञ्जीवीलाल तिवारी, सिपी मैनालीलाई राजेन्द्र खेतान, भरत मोहनलाई महेन्द्र गोल्छा, प्रचण्डलाई सुमार्गी, माधव नेपाललाई एमालेकालमा उपेन्द्र महतो, देउवालाई विनोद चौधरी, कमल थापालाई ज्ञानेन्द्र शाहले दिने चन्दाभन्दा मीनबहादुर गुरुङले ओलीलाई दिएको दान ठुलो हो, फरक हैन ।



**- रञ्जित तामाङ**

लोकतन्त्रमा दलहरूमाथि गरिने तर्कसङ्गत आलोचनाको स्पेस खुम्चियो भने सम्बन्धित दल पतनको सन्निकट छ भनेर बुझ्नुपर्छ । एमाले यही नियतिको सिकार भइरहेको छ । एमाले नेतृत्वले आफ्नो भजन गाउन हार्मोनियम र खैंजडी किनेर कार्यकर्तालाई बाँड्न मात्र बाँकी छ । एमाले नेतृत्वले ऐतिहासिक भूल गर्दै छ ।



**- बसन्त घिमिरे**

पार्टी कार्यालय बनाउन जग्गा दिने व्यापारी, बनाइदिने व्यापारी, प्रधानमन्त्री बनाउन वातावरण मिलाइदिने व्यापारी, प्रधानमन्त्री बनाइदिने व्यापारी, आसेपासे पाल्दिने व्यापारी । पार्टीका घोषणा पत्रदेखि कानुन बनाउनेसम्म सबै व्यापारी । तर, व्यापारीले चलाउनेकै गफ ठुला !



**- यादव देवकोटा**

यो देशलाई यति तन्नम बनाउन, सिस्टम ध्वस्त बनाउन, नागरिकलाई झोला बोकेर पढ्न पनि विदेश जाने बनाउन नेता मात्रैको योगदान छ र कर्मचारी, त्यसमा पनि सचिव/मुख्यसचिव बनिसकेकाहरूको कुनै योगदान छैन ! र, यसो गरेर उनीहरूले यो देशलाई/समाजलाई बहुत ठुलो गुन लगाएका छन् ! योगदान गरेका छन् !

# 'जटिल डेंगु'को पूर्वसंकेत र रोकथामका उपाय

स्वास्थ्य



● डा शेरबहादुर पुन

डेंगु सुरुवा रोग हैन तर, यो लामखुट्टेको टोकाइबाट सर्ने र फैलने गर्छ । डेंगु लक्षणहरूका बारेमा चर्चा हुने गरेको देखिए तापनि अधिकांश संक्रमितहरू लक्षण बाकेर नै आफ्नो कार्यक्षेत्रमा खटिरहेका पनि देखिन्छन् । कतिपय भने घरमा नै आराम गरेर स्वास्थलाभ गरिरहेका अवस्था छ । डेंगुका लक्षणहरूका बारेमा धेरै सुनेको र व्यापक प्रचार भएको पनि देखिन्छ तर, जटिलता निम्त्याउन सक्ने संकेतहरूका बारेमा भने कमैलाई थाहा भएको देखिन्छ । सन् २०२२ मा अधिकांश डेंगुबाट मृत्यु भएकाहरू भर्ना हुँदा नै जटिल डेंगु लिएर आएका तथ्यांक देखिन्छ तर, हामीले विगतमा देखिएका कमीकमजोरीबाट सिकेर आगामी दिनहरूमा डेंगुको मृत्युदरलाई घटाउने कोसिस गर्नुपर्दछ । यसर्थ डेंगु मृत्युदर वा जटिलता घटाउने एक मुख्य उपायमध्ये ' जटिल डेंगु' का पूवसंकेतहरूका बारेमा थाहा पाउनु पनि आवश्यक छ ।

अधिकांश डेंगु संक्रमितमा सुरुमा 'फेब्राइल फेज' देखिने गर्दछ । यसमा मुख्यतयाः टाउको दुख्ने, जीउ दुख्ने, जोर्नी वा मांसपेशीका दुख्ने र खाना खान पटक्कै मन नलाग्ने हुन्छ । त्यस्तै, ज्वरो आउने, आँखाको गेडी दुख्ने वा खस्लाजस्तो हुने, शरीरमा स-साना राता बिबिराहरू देखिने, पखाला लाग्नेजस्ता समस्या पनि देखिने गर्दछ । कतिपयलाई खोकी पनि लागेको देखिन्छ । तर खोकी डेंगुको कारणले हो वा फ्लू भाइरसले गर्दा हो भनेर छुट्याउने गरेको भने देखिँदैन । वास्तवमा हाल फ्लूको सिजन पनि हो भने कोभिडको संक्रमण पनि सँगसँगै देखिएको छ । 'फेब्राइल फेज' औसतमा झन्डै आठदेखि १० दिनमा देखिने गर्दछ । ज्वरो घटेको २४ देखि ४८ घण्टा बिरामीमा 'जटिल डेंगु' देखिने सक्ने सम्भावना प्रबल रहन्छ ।

**संक्रमणका पूवसंकेत**

*तारन्तार बान्ता हुनु,*
*असाध्य पेट दुख्नु,*
*नाक वा गिजाबाट रगत बग्नु,*
*बेचैनी हुनु वा अत्यन्त कमजोर हुनु आदि ।*

माथि उल्लिखित लक्षण वा संकेतहरू घरमा संक्रमित भएर बसिरहेको बेला देखिन वा थाहा पाउन सकिन्छ । तसर्थ, यस्ता संकेतहरू देखिए तुरुन्त स्वस्थ केन्द्र वा अस्पतालमा जानुपर्दछ । अस्पतालमा जाँच गर्दा थप संकेतहरू देखिने गर्दछ । परीक्षणबाट कलेजो आकार बढेको वा सुन्निएको तथा छाती वा पेटमा पानी भए/नभएको थाहा हुन्छ । रगतको जाँच गर्दा प्लेटेलेट्स तीव्र गतिमा घट्नु र हेमाटोकृत बढेको देखन्छ । डेंगुको संक्रमण भएको बिरामीलाई कमजोरी अनुभव हुन्छ । डेंगु लागेपछि रगतमा प्लेटलेट्सको संख्या तीव्र रूपमा घट्न थाल्छ । यस्तो अवस्थामा औषधिका साथसाथै खानपान र सही दिनचर्या आवश्यक हुन्छ ।

सन् २०२२ सालमा काठमाडौंमा देखिएको डेंगु प्रकोपले सबैभन्दा धेरै मानिसको ज्यान लिएको थियो । यो प्रकोपलाई कोभिड-१९ को घातक लहरहरूभन्दा खासै फरक महसुस नगरे वा तुलना गरिएको थियो । काठमाडौंका लागि सन् २०१९ पछिको दोस्रो ठूलो प्रकोप (धेरैलाई अस्पताल आउनुपर्ने बाध्यता गराएको कारण) थियो । अनि नेपालको इतिहासमा नै 'घातक डेंगु' वर्षका रूपमा मैले सन् २०२२ लाई लिएको थिएँ । यसमा विशेषतः ज्येष्ठ नागरिक अनि दीर्घरोगीहरू जस्तै उच्चरक्त चाप, मधुमेह र श्वास-प्रश्वासको संक्रमण भएका व्यक्तिहरू बढी डेंगुको जटिलताबाट मृत्यु भएका थिए । मनसुनको समयमा डेंगु सँगसँगै देखिने अरू सङ्क्रामक रोगहरूले डेंगु लक्षणलाई थप जटिल बनाउन सहयोगी भूमिका खेल्ने विभिन्न अध्ययनहरूको नतिजाले देखाएको छ ।

दसैं अगाडि डेंगुले गति लिँदै गइरहेको अवस्था थियो । दसैंलगत्तै अस्पतालमा जाँदा डेंगु पुष्टि भएका बिरामीहरूको संख्या अझ बढ्दै गइरहेको पाइएको छ । यसबाट दिनमा नै दर्जनौं डेंगु भाइरस पुष्टि हुने क्रमले निरन्तरता पाइरहेको अवस्था देखिन्छ । हुन त काठमाडौं मात्र नभई देशका विभिन्न ठाउँहरूमा डेंगुले व्यापक प्रभाव पारेको जानकारीहरू आउने क्रम जारी छ । डेंगुको यो रफ्तारमा सम्भवतः तत्काल रोकिने सम्भावना अत्यन्त न्यून देखिन्छ ।

चाखलाग्दो कुरा के छ भने अधिकांश डेंगु संक्रमितहरू लक्षण लिएर घरघरमा बसिरहेको वा कार्यक्षेत्रमा निरन्तर खटिरहेका देखिन्छन् । अझ भनौं धेरै मानिस 'वाकिङ डेंगु'को अवस्थामा रहेको देखिन्छ । 'वाकिङ डेंगु' भन्नाले डेंगु संक्रमित भई निरन्तर आफ्नो दैनिकीलाई निरन्तरता दिइरहेको अवस्थालाई भन्न खोजेको हो । चाडपर्वमा मान्छेहरू यसको लक्षणलाई नजरअन्दाज गर्दै आउजाउ, भेटघाट गरिरहेका छन् । किनभने डेंगुको सामान्य लक्षण आम समस्यासँग मिल्दोजुल्दो हुन्छ । यस्तो अवस्थामा मान्छेहरू सामान्य समस्या ठानेर आफूखुसी औषधिसमेत खाँदै हिँडुल गरिरहेका हुन्छन् । जब समस्या जटिल बन्दैन, तबसम्म उनीहरू अस्पताल पुग्दैनन् ।

अधिकांशलाई डेंगुको लक्षण देखिएको ८-१० दिनमा स्वास्थ्यमा सुधारोन्मुख देखिन्छ भने केहीमा डेंगुले जटिल अवस्था सिर्जना गर्न सक्दछ । तसर्थ ' जटिल डेंगु'का पूवसंकेतहरू संक्रमितले थाहा पाउन अति आवश्यक देखिन्छ र सो देखिए तुरुन्त चिकित्सकसँग सम्पर्क गर्न सक्छन् । हाल डेंगु संक्रमणको लहर रोक्न विभिन्न कारणले गर्दा चुनौती रहेको भए तापनि ' जटिल डेंगु'का पूवसंकेतलाई ध्यान दिनसक्ने हो भने डेंगुबाट हुनसक्ने मृत्युदरलाई उल्लेखनीय संख्यामा कम गर्न सकिन्छ । हालसम्म रेडियो, टेलिभिजन, पत्रपत्रिका तथा सामाजिक सञ्जालहरूमा डेंगु के हो, कसरी सर्छ र यसका लक्षणहरूका बारेमा जानकारीहरू दिने गरेको देखिए तापनि अबको प्रचारप्रसार तथा जानकारीहरू 'जटिल डेंगु'का पूवसंकेतका बारेमा केन्द्रित हुनुपर्ने देखिन्छ । यसबाट डेंगुबाट हुने मृत्युदरलाई उल्लेखनीयरूपमा कम गर्न सकिनेछ ।

## तपाईंको राशिफल

मेष : पारिवारिक विवाद हुनसक्छ । यात्रा सफल र सुखद रहनेछ ।

वृष : नाता-गोतासँग मनमुटाव रहनेछ । आहारमा ध्यान दिनुहोला ।

मिथुन : अनावश्यक खर्चको योग छ । वाहन सावधानी राख्नुहोला ।

कर्कट : लापरवाहीले गर्दा अशान्ति र रोकावटको योग छ ।

सिंह : अनावश्यक जिम्मेवारी लिनु हुँदैन । अर्काको कारण विवादमा पर्न सकिन्छ ।

कन्या : पैतृक सम्पत्ति प्राप्त हुनेछ । राजकीय कार्यमा वृद्धि हुनेछ ।

तुला : शिक्षामा प्रगति हुनेछ । वाहन सावधानी राख्नुहोला ।

वृश्चिक : पारिवारिक जीवन सुखी रहनेछ । कृषिजन्य कार्यमा लाभ मिल्नेछ ।

धनु : जीवनसाथीको सहयोग प्राप्त हुनेछ । लेनदेनमा सावधानी अपनाउनुहोला ।

मकर : व्यापार-व्यवसायमा फाइदा हुनेछ । जनसम्पर्कमा वृद्धि हुनेछ ।

कुम्भ : अर्कासित विवाद हुनेछ । स्वास्थ्य राम्रो रहनेछ ।

मीन : मुद्दा मामिलामा सफलता मिल्नेछ । पराक्रम बढ्ने योग छ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# 'जनताका निराशा हटाउन सरकार प्रतिबद्ध छ'




**बैतडी/मस–** संघीय सरकारका उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारी गृह जिल्ला बैतडीको ७ दिने भ्रमण सकेर बुधबार राजधानी फर्किएका छन् । जिल्लामा रहँदा मतदाता सँगको भेटघाट र विभिन्न कार्यक्रमहरुमा सहभागी भएका मन्त्री भण्डारीले जिल्लाबासीको निराशा हटाउने प्रतिबद्धता व्यक्त गरेका छन् ।

उनले चुनावताका आफ्नो घोषणापत्रमा लेखिएका कुराहरु क्रमशः कार्यान्वयन गरिरहेको बताए । रोजगारी श्रृजना गर्नका लागि स्थानीय श्रोत साधनको उपयोग बढाउनुपर्नेमा उनको जोड रहेको छ ।

जिल्लाको मेलौली, पुर्चौडी, दोगडाकेदार, दशरथचन्द र पाटन नगरपालिकामा आयोजीत छुट्टाछुट्टै कार्यक्रहरुमा सहभागी भएका मन्त्री भण्डारीले बैतडीमा रहेका सम्भावनाहरुलाई उजागर गरि त्यसको व्यवस्थापनमा लागिरहेको बताए । जिल्ला स्थीत विभिन्न खानी, खनिज, जडीबुटि प्रशोधन तथा व्यवस्थापनमा ध्यान केन्द्रीत गरेको उनको भनाई छ ।

उनले फस्फोराइड खानी, फलाम खानी, सिलेट खानी आदिलाई व्यवस्थित गरि बैतडीको सिलेट राजधानी काठमाडौं पुऱ्याउने प्रतिबद्धता व्यक्त गरे । अहिले यी खानीहरु भएको ठाउँमा सडक पुऱ्याउन समेत केही अवरोध श्रृजना भएको देखिन्छ सबै सरोकारवाला मिलेर समाधान गर्नुपर्ने उनको भनाइ छ । रोजगारीको सम्भावना भएका क्षेत्रमा विकास निर्माण गर्ने वातावरण बनाउन सरोकारवालाहरुलाई आग्रह गरे । मन्त्री भण्डारीले आफ्नो आँखा अगाडिको रोजगारी चिन्न नसक्नु र त्यसको उपयोग गर्न नसक्नु स्वंयमको कमजोरी हुने बताए । उनले सरकारी बजेटमा स्थापीत योजनाहरुको पुर्ण उपयोग नभएको बताए । 'हाम्रो सिरानीबाट चिहानसम्म पानी बगेको छ तर सिचाईको अभावमा खेत बाँझो राखेका छौँ, ठाउँठाउँमा सडक पुगेपनि व्यवस्थित नभएकाले हाम्रा उत्पादनले बजार पाउन मुस्किल छ । सडक सुबिधा भएका ठाउँमा समेत कृषि उपजहरु उत्पादन गरि बिक्री गर्ने परिपाटी छैन्, जहाँ जे सम्भावना छ त्यसको उपयोग आफैँले गर्नुपर्छ र सरकारी स्तरबाट आवश्यक योजनाको माग गर्नुपर्छ । सडक, सिंचाई, विद्युत, खानेपानी लगायतका पूर्वाधारहरु निर्माण गर्न सरकार लागिपरेको छ', उनले भने । वर्तमान सरकारले व्याक्तिवादी योजनाहरु नबनाउने उनको दाबी छ ।

मन्त्री भण्डारीले अल्लोको लोक्ता प्रसोधन स्थानीय स्तरमै गर्नुपर्ने र त्यसको पुर्वाधार खडा गर्ने प्रतिबद्धता व्यक्त गरे । यसका साथै जडिबुटी संकलन, प्रशोधन, प्याकेजिङ, ब्रान्डिङ गर्ने र लघु उद्यममार्फत् रोजगारी श्रृजना गर्ने बताए । सामान्य ब्याजदरको स्टार्टप कर्जा कार्यक्रममार्फत् रोजगारी श्रृजना भैरहेको उनको भनाइ छ । स्थानीयस्तरमा उपलब्ध श्रोत साधनलाई उपयोग गरि रोजगारी श्रृजना गर्नमा आफूले ध्यान केन्द्रीत गरेको मन्त्री भण्डारीको भनाइ छ । चालु आर्थिक वर्षमा नपरेका तर अत्यावश्यक योजनाहरु आगामी वर्षमा पर्ने उनले बताए ।

मन्त्री भण्डारीले हरेक पटक ओरालो लागेको अर्थतन्त्रलाई नेकपा(एमाले) नेतृत्वको सरकारले लयमा फर्काउने गरेकाले वर्तमान समयको आर्थिक संकुचन हटाउने प्रतिबद्धता व्यक्त गरे ।

# इन्स्पेक्टर महतोलाई 'उत्कृष्ट प्रहरी कार्य विपद् व्यवस्थापन' पुरस्कार

**राजकुमार भुजेल/मध्यान्ह**
दोलखा, ३० असोज



दोलखाका प्रहरी निरीक्षक सत्रुधन कुमार महतोले 'उत्कृष्ट प्रहरी कार्य विपद् व्यवस्थापन' पुरस्कार प्राप्त गरेका छन् ।

मंगलबार काठमाडौंमा ६९ औं प्रहरी दिवसको अवसरमा प्रहरी प्रधान कार्यालयको आयोजित कार्यक्रममा नेपाल प्रहरीका प्रहरी निरीक्षक (इन्स्पेक्टर) शत्रुधन महतो उक्त पुरस्कारबाट पुरस्कृत भएका हुन् ।

इन्स्पेक्टर महतोलाई प्रहरी महानिरीक्षक बसन्तबहादुर कुँवरले प्रमाणपत्र दिँदै पुरस्कार प्रदान गरेका थिए । इन्स्पेक्टर महतो गत ११ र १२ गते आएको अविरल वर्षाका कारण जिल्लामा आएको बाढी र पहिरोबाट भएको जनधनको क्षति न्यूनीकरण र उद्धारमा सुरक्षा निकाय अहोरात्र खटिएका थिए ।

उनले त्यति मात्र नभइ लागुऔषधसम्बन्धी तथा बिक्री वितरणका अभियुक्तलाई समेत नियन्त्रणमा लिन सफल हुँदै आएका छन् ।

## गोदावरी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**अत्तरिया,कैलाली**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

### बोलपत्र छनौट गर्ने आशयको सूचना

**प्रकाशित मिति : २०८१/०७/०१**

यस कार्यालयबाट मिति २०८१।०५।२७ गते राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित आन्तरिक आय संकलनका लागि विधुतीय बोलपत्र आह्वानको सार्बजनिक सूचना बमोजिम रितपुर्वक दर्ता हुन आएका बोलपत्रहरुको मुल्यांकन हुँदा अधिकतम मुल्यांकित र सारभूत रुपमा प्रभावग्राही देखिन आएको निम्न विवरण अनुसारको बोलपत्रहरु छनौट गर्ने आशयले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) र दफा ४७ को प्रयोजनको लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिलः**

| सि.नं. | ठेक्का संकेत नं र विवरण | कबोल अंक (मु.अ.क बाहेक) | छनौट भएका बोलपत्रदाताको नाम र ठेगाना |
|---|---|---|---|
| १ | NCB/IR/GM/07/2081/82 गोदावरी खोलाको प्राकृतिक श्रोत नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा ,भरान तथा ग्राभेल आदी) को बिक्री शुल्क संकलन | २,२८,५०,००१.०० | M/S Sony Construction, Krishnapur ,Kanchanpur |
| २ | NCB/IR/GM/08/2081/82 खैराना खोला बाट प्राकृतिक श्रोत नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा ,भरान तथा ग्राभेल आदी) को बिक्री शुल्क संकलन | १,३२,१८,०२३.०० | M/S Kiran Construction Attariya,Kailali |
| ३ | NCB/IR/GM/09/2081/82 खुटिया खोला बाट प्राकृतिक श्रोत नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा ,भरान तथा ग्राभेल आदी) को बिक्री शुल्क संकलन | ५,८६,६०,७८६.०० | M/S Balaji Construction Dhangadhi,Kailali |

**प्रमुख प्रशासकीय अधिकृत**
**गोदावरी नगरपालिका**

## यूएईमा रोजगार

कम्पनी: SPARK SECURITY SERVICES SOLE PROPRIETORSHIP LLC शहर: UAE
पूर्व स्वीकृत मिति: २०८०/०२/१७ चलानी नं.: ६०२०२३६१ L.T. No.: 286922 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard (ASSD) | 89 | 27 | सम्बन्धित काममा दक्ष | 2000 | ७३,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Security Guard - SIRA | 85 | 47 | | 1200 | ४३,८३५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा २०८१ कात्तिक ८ गते (24 October 2024) मा हुनेछ ।

STARIS HR SERVICES PVT. LTD.
Basundhara, Kathmandu, Tel.: 01-5910250, 4370973, 4370762 , CONTACT NO.: 9851336470 | 9802320574 | 9802320575

## ETHICAL RECRUITMENT OPPORTUNITY FOR UAE!!!
## न्यायोचित नियुक्ति अन्तर्गत युएईमा वैदेशिक रोजगारको अवसर ।

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator!
नि:शुल्क भिषा, नि:शुल्क टिकट, नि:शुल्क स्वास्थ्य जाँच, नि:शुल्क भर्ना प्रक्रिया, सेवाशुल्क नलाग्ने, तलब कटौती नहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित

COMPANY: ABU DHABI NATIONAL HOTELS (CATERING), UAE
कम्पनी : अबु दाबी नेशनल होटल्स (क्याटरिङ), युएई

Pre Approval Date : 2024-01-24 पूर्व स्वीकृति मिति : २०८०/१०/१०
Post Advertisement Date : 2024-09-10 पुन विज्ञापन स्वीकृति मिति : २०८१/०५/२५
LT. No. 298709 एल टि न. २९८७०९
चलानी नं. ६०२१३६९२ Invoice No. 60213692

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 230 | 229 | 800 | २९,३२६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

The final interview will be conducted in the office on 25 & 26 Oct 2024
अन्तिम अन्तर्वार्ता हुने स्थान र मिति : संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कार्तिक ९ र १० गते हुनेछ ।
Pre-interview is going on. पूर्व अन्तरवार्ता जारी छ ।

नोट: आवेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा VNVNEPAL मा आवेदन दिन आमन्त्रित गरिएको छ । आवेदक वा आवेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
Note: Applicants are invited to VNVNEPAL to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment.

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कसले दिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिसा शुल्क कसले व्यहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | भिसा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | ने.रु.७०० /- रोजगारदाताले व्यहोर्ने NPR 700/- By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer |

कल्याणकारी कोष सम्बन्धी व्यवस्था : ने.रु.१५००/- रोजगारदाताले व्यहोर्ने
Management of Workers Welfare Fund NPR 1500/- By the Employer
सेवा शुल्क कसले व्यहोर्ने who will bear the Service Fee: रोजगारदाताले व्यहोर्ने By the Employer

यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने ।

Vision & Value Overseas Pvt. Ltd. does not have any branch or mediator representative. This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, ब्यानर फ्लेक्स आदि पुर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौं ।
We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our Office premises.

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

Information provided by the Department of Foreign Employment (DOFE) 1.Consult with Agency for the visa confirmation that is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Tahachal.

VISION & VALUE OVERSEAS PVT. LTD.
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450
Mobile: 9767659357/ 9767659356/ 9767659358 / 9863194834, 9863194832
Email:- visionhospitalityjobs@gmail.com | URL: www.vnvnepal.com

## Ramdhuni Municipality
## Office of the Municipal Executive
**Enhanced Skills for Sustainable and Rewarding Employment (ENSSURE) Project Phase-II**
**Ramdhuni, Sunsari**

### Request for Expression of Interest (EoI)

**for Short-listing of Training Providers (TPs)**
**Date of First Publication: 2081/07/01 (17 October, 2024)**
**EOI:** RMD/EOI/02/2081/082
**Financing Agency:** Swiss Agency for Development and Cooperation (SDC)

1. **Enhanced Skills for Sustainable and Rewarding Employment (ENSSURE)-II is a bilateral initiative of the Government of Nepal (GoN) and the Government of Switzerland** implemented by 3 tiers of government at Federal, Provincial and Local level with technical assistance from **Helvetas Nepal. The overall goal of the project is to contribute for** improved living standard of Nepalese workers particularly from disadvantaged groups to benefit from continuous employment.
2. **Ramdhuni Municipality** now invites Expression of Interest (EOI) from interested eligible Consultant or TPs to **Train 20 participants in Professional Light Vehicle Mechanics (Level II with 1696 hrs.) under Training with OJT in FY 2081/082** as mentioned in the Terms of Reference (TOR).
3. The training should be based on the minimum standards outlined in the CTEVT approved curriculum and National Occupational Skill Standards (NOSS) of the National Skills Testing Board (NSTB).
4. Interested eligible Consultant or TPs may obtain EOI document at website of municipality https://ramdhunimun.gov.np/ or visit e-GP system www.bolpatra.gov.np/egp.
5. The training events must be conducted in the venue/s having adequate training facilities for the proposed occupation/s. Conducting trainings in temporary (Mobile based) settings are not allowed and it should be conducted in the suitable location of Ramdhuni Municipality, Jhumka, Sunsari.
6. Documents of the experience and other evidence copies of certificates shall be duly notarized.
7. Expressions of interest shall be submitted manually by hand on or before **2081/07/15 (31 October, 2024) at 4.00 pm.**
8. If the last date of Obtaining and Submission falls on a government holiday, then the next working day shall be considered as the last date.
9. Submitted Expressions of interest (EOI) will be opened in the presence of consultants or TPs representatives who choose to attend on 2081/07/21 (06 November, 2024) at **11:30 AM** at the office of Ramdhuni Municipality.
10. EOI will be assessed based on Qualification (35%), Experience (50%) and Capacity (15%) of the Training Providers and Key Personnel. Based on evaluation of EOI, only short-listed firms will be invited to submit Technical and Financial Proposal through Request of Proposal (RFP).
11. Minimum score to pass the EOI is 60 points.
12. Ramdhuni Municipality reserves the right to shortlist or not shortlist any or all the applicant(s) without assigning any reason whatsoever.

**Chief Administrative Officer**

# नेपाली र चिनियाँ अनुवादका लागि २६ पुस्तक सार्वजनिक

**काठमाडौं/मस–** चिनियाँ-नेपाली शास्त्रीय ग्रन्थहरूको अनुवाद एवम् प्रकाशन कार्यक्रमअन्तर्गत पहिलो चरणमा छनोट भएका २६ ओटा पुस्तक चीनमा सार्वजनिक गरिएको छ ।



चीनको छेङ्दुमा असोज २६ गते आयोजित एक विशेष समारोहबीच दुवै पक्षका विज्ञ समितिका अध्यक्ष एवम् सदस्यहरुको उपस्थितिमा १३ नेपाली र १३ चिनियाँ पुस्तक सार्वजनिक गरिएको हो ।

नेपाली विज्ञ समितिका अध्यक्ष एवम् नेपाल प्रज्ञा-प्रतिष्ठानका कुलपति भूपाल राईसहितको पाँच सदस्यीय नेपाली टोली कार्यक्रममा सहभागी हुन छेङ्दु पुगेको थियो । टोलीमा नेपाली विज्ञ समितिका सदस्य एवम् प्रज्ञा-प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्यद्वय डा. कृष्णराज अधिकारी र हंसावती कुर्मी, प्रतिष्ठानकै शाखा अधिकृत रवीन्द्र तिमसेना एवम् चिनियाँ मामिला जानकार किरण गौतम पनि सहभागी थिए ।

नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र चीनको नेशनल एड्मिनिस्ट्रेसन अफ प्रेस एन्ड पब्लिकेसनबीच सन् २०२३ को सेप्टेम्बरमा दुई देशका शास्त्रीय ग्रन्थहरु अनुवाद एवम् प्रकाशनसम्बन्धी द्विपक्षीय समझदारी पत्रमा हस्ताक्षर भएयता दुवैतर्फ विज्ञ समिति गठन भइ कार्य अघि बढेको छ । अनुवाद एवम् प्रकाशनका लागि नेपाली पक्षले नेपाल प्रज्ञा-प्रतिष्ठानलाई र चिनियाँ पक्षले सिन्ह्वा विन्सेयर पब्लिसिङ एन्ड मिडिया कम्पनी लिमिटेडलाई जिम्मेवारी प्रदान गरेको छ ।

पाँच वर्षमा नेपाल र चीनका कम्तीमा २५/२५ ओटा पुस्तक एकअर्काका भाषामा अनुवाद एवम् प्रकाशन गर्ने योजनाअन्तर्गत चिनियाँ भाषामा अनुवाद एवम् प्रकाशनका लागि पहिलो चरणमा छानिएका लक्ष्मीप्रसाद देवकोटाको लक्ष्मी निबन्ध संग्रह, दौलतबिक्रम बिष्टको चपाइएका अनुहार, भीष्म उप्रेतीको हिमाल, शेर्पा र यति लगायत १३ नेपाली पुस्तक सार्वजनिक गरिएको हो ।

त्यस्तै नेपाली भाषामा अनुवाद एवम् प्रकाशनका लागि छानिएका रिडिङ गाइड फर सि चिनफिङ थट अन सोसलिजम विथ चाइनिज क्यारेक्टरिस्टिक्स फर अ न्यु एरा, सेभेन्टी इयर्स अफ न्यु चाइना, अ सर्ट हिस्ट्री अफ चाइनिज फिलोसफी, द एनोटेटेड क्रिटिकल लाओजी, सेलेक्टेड स्टोरिज अफ जिया दसान, ह्वाई एन्ड हाउ द सीपीसी वर्क्स इन चाइना, ह्वाइट डिअर प्लेइन, रेड सर्गम, ट्रान्सलेसन एन्ड एनोटेसन अफ द बुक अफ चुआङ्जी, द ग्रास हाउस, द म्याजिक गर्ड, इस्टर्न एन्ड वेस्टर्न कल्चर्स एन्ड फिलोसफिज, अ ब्रिफ हिस्ट्री अफ एन्सिएन्ट चाइनिज आर्किटेक्चर गरी १३ ओटै चिनियाँ पुस्तक सार्वजनिक गरिएको हो ।

पुस्तक सार्वजनिकीरण कार्यक्रममा बोल्दै नेपाली विज्ञ समितिका अध्यक्ष कुलपति राईले भौगोलिक जटिलता र भाषिक भिन्नताका कारण नेपाल र चीनबिचको साहित्यिक र सांस्कृतिक सम्बन्धलाई थप उचाइमा पुर्‍याउने चुनौती रहे पनि पछिल्लो समय दुवै पक्षले लिएको पहलबाट प्राज्ञिक, साहित्यिक एवम् सांस्कृतिक सहकार्यले गति लिन थालेको भन्दै खुसी व्यक्त गरे । नेपाल र चीन बीचको नयाँ सहकार्यले नेपाली र चिनियाँ भाषा, साहित्य र संस्कृतिको आदानप्रदानमा अझ महत्त्वपूर्ण योगदान पुग्ने विश्वास पनि उनले व्यक्त गरे । त्यस्तै चिनियाँ विज्ञ समितिका अध्यक्ष लि यानले चिनियाँ राष्ट्रपति सि चिन फिङको मार्गदर्शनअनुसार चीन सरकारले विभिन्न एसियाली देशहरूसँग शास्त्रीय ग्रन्थको अनुवादका लागि थालेको पहलअन्तर्गत नेपाली पक्षसँग सहकार्य गर्न पाउँदा उत्साही भएको बताए ।

भ्रमणका क्रममा नेपाली टोलीले छेङ्दुमा असोज २५ गतेदेखि शुरु भएको चारदिने तियान्फु बुक फेयरको उद्घाटन कार्यक्रममा सहभागी हुनुका साथै सिचुवान प्रान्तका भाइस गभर्नर हु युनसँग औपचारिक भेटघाट गरी अनुवाद परियोजनाका सन्दर्भमा छलफल गरेको थियो ।

# प्रधानमन्त्री ओली र जापानी राजदूतबीच शिष्टाचार भेट

**काठमाडौं/मस–** प्रधानमन्त्री केपी शर्मा ओलीसँग नेपालका लागि जापानका राजदूत किकुता युताकाले प्रधानमन्त्री निवास, बालुवाटारमा शिष्टाचार भेट गरेका छन् ।



भेटका अवसरमा दुई देशबीचको परम्परागत सम्बन्ध, दुई पक्षीय हितका विविध विषय तथा सहयोग आदानप्रदानबारे छलफल भएको थियो।

भेटमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव केशबकुमार शर्मा, परराष्ट्र मन्त्रालयका सहसचिव कृष्णप्रसाद ढकाललगायत सहभागी थिए ।

भेटका क्रममा बाढी, पहिरोबाट प्रभावित विपी राजमार्ग पुनः निर्माणमा जापानबाट हुन सक्ने सहयोगका विषयमा पनि छलफल भएको थियो ।

## खाँडादेवी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**माकादुम, रामेछाप**
**बागमती प्रदेश, नेपाल**

### बोलपत्र आह्वान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८१/०६/३०**

यस खाँडादेवी गाउँपालिकाको आ.व. २०८१/०८२ का लागि स्वीकृत नीति तथा कार्यक्रम बमोजिम तपसिल बमोजिमको कार्य विद्युतीय बोलपत्रको माध्यमबाट गराउनुपर्ने भएको हुँदा इजाजत प्राप्त निर्माण व्यबसायीहरु यो सूचना प्रकाशन भएको मितिले ३१ औं दिनको १२ बजे भित्र E-BID मार्फत बोलपत्र पेस गर्नु हुन जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । अन्य विवरणको लागि www.bolpatra.gov.np//egp मा हेर्न सकिनेछ ।

**तपशिलः**

| क्र. स. | ठेक्का नं. | ठेक्काको विवरण | लागत अनुमान अंक रु. (पि.एस., मु.अ.क. र कन्टिन्जेन्सी सहित ) | बोलपत्र फारम दस्तुर रु. | बोलपत्र जमानत बापतको रकम | बोलपत्रको मान्य अबधि (बोलपत्र खोलेको मिति बाट) |
|---|---|---|---|---|---|---|
